**मजदुर दैनिक विज्ञापन शाखा**
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४२४४६५
**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**विज्ञापनको निम्ति सम्पर्क**
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : २३ ★ ने. सं. ११४६ शिल्ला गा, त्रयोदशी ★ आइतबार ★ ३ फागुन, २०८२ ★ February 15, 2026, Sunday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## पार्टी सङ्गठन मजबुत बनाउन
# सैद्धान्तिक धार बलियो बनाइराख्नु जरूरी




भक्तपुर, २ फागुन । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस तथा भनपा ७ वडास्तरीय निर्वाचन परिचालन समिति गठन कार्यक्रम नेमकिपा ७ वडा समितिको आयोजनामा महेश्वरी बैङ्क्वेटमा शनिबार सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पार्टी सङ्गठन मजबुत बनाउन सैद्धान्तिक धार बलियो बनाइराख्नु जरूरी हुन्छ भन्नुभयो ।

पार्टी सङ्गठनका साथीहरूले कमजोरी गरेपछि समयमै आलोचना गरी सच्याउनुपर्ने उल्लेख गर्दै उहाँले पार्टी प्रकाशनहरू नियमित अध्ययन गर्नु जरूरी छ भन्नुभयो ।

आ-आफ्नो क्षमता र ज्ञानअनुसार आ-आफ्नो ठाउँमै बसेर काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेतृत्वले देश र क्रान्तिभन्दा आफ्ना परिवार नाताकुटुम्बलाई प्राथमिकता दिन नहुने विचार व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले संसद् भनेको देशको हितको लागि ऐन कानुन तथा नीति नियम बनाउने थलो हो भन्नुभयो ।

जनताका लागि आवश्यक विभिन्न बाटोघाटो बनाउने कार्यहरू हेर्ने काम स्थानीय तहले गर्ने स्पष्ट पार्दै उहाँले नेपाल मजदुर किसान पार्टीले पार्टीको घोषणापत्रबमोजिम काम गरिरहेको छ भन्नुभयो ।

पार्टीको उद्देश्य भनेको देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो भन्दै उहाँले सबै सही दलका सही उम्मेदवारलाई मतदान गर्न र गराउनको लागि सहयोग गर्न अनुरोध गर्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवं भनपा ७ का वडाध्यक्ष उकेश कवांले युवाहरूको सङ्घर्षमा क्रान्ति भएको भए देशको संविधान नै फ्याकेर नयाँ परिस्थितिको सिर्जना हुने हो तर त्यसो हुन सकेन भन्नुभयो ।

चुनावलाई जनताको चेतनास्तर उठाउने उद्देश्यले उपयोग गर्दै आएको उल्लेख गर्दै उहाँले नेमकिपाले स्थानीय तहमा विजय प्राप्त गरेर जिम्मेवारीपूर्वक जनताको सेवा गरिरहेको बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासुले नेपाल मजदुर किसान पार्टीले नेपालको राजनीतिमा स्पष्ट विचार राख्दै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेमकिपाबाट काठमाडौँ २ मा उम्मेदवारी दिने शर्मिला माली

***बाँकी पृष्ठ ८ मा***

## विदेशी चलखेलप्रति
# नेपाली जनता सचेत हुनुपर्ने

भक्तपुर, २ फागुन । नेपाल मजदुर किसान पार्टी ६ वडा एकाइ समितिको आयोजनामा निर्वाचन परिचालन समिति गठन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले विगतको मोहीयानी हक कायम गराउने आन्दोलन, साँढे धपाउने आन्दोलन, सुस्तामाथि अतिक्रमणविरुद्धको आन्दोलनको स्मरण गर्दै नेपाल मजदुर किसान पार्टीले देश र जनताको पक्षमा आवाज उठाउँदै आएको बताउनुभयो ।

काङ्ग्रेस, एमाले, माओवादीले पटक-पटक देशमा शासन गरे तापनि नेपाली जनताको आर्थिक जीवनस्तर माथि नउठेको र नेपाली जनतालाई प्रतिव्यक्ति एक लाखभन्दा बढी ऋण बोकाएको उहाँले बताउनुभयो ।

नेपाली जनता सचेत भएर मतदान गर्नुपर्ने उल्लेख गर्दै उहाँले भदौ २३ र २४ गते भएको आन्दोलनलाई अमेरिका र युरोपेली देशहरूले मलजल गरेको र यसतर्फ नेपाली नागरिकले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले विगतका आन्दोलनहरूको स्मरण गर्दै नेपाली जनताको पक्षमा नेमकिपाले सडक र सदनमा सशक्त रूपमा आवाज उठाइरहेको बताउनुभयो ।

नेमकिपाले किसानको मोहीयानी हक कायम गराउन गरेका सङ्घर्ष र आन्दोलनबारे चर्चा गर्दै उहाँले फागुन २१ गते हुने चुनावमा देशभक्त प्रतिनिधिलाई छान्नुपर्ने बताउनुभयो ।

नेमकिपा ६ वडा एकाइ समितिका अध्यक्ष गोपीकृष्ण चाँगुभारीको सभापतित्वमा भएको कार्यक्रममा सिद्धिराम अवालले पनि बोल्नुभएको थियो ।

भेलाले गोपीकृष्ण चाँगुभारीको अध्यक्षतामा नेमकिपा ६ वडा निर्वाचन परिचालन समिति गठन गर्‍यो । साबिक चोछेँ भेगीय निर्वाचन परिचालन समिति पूर्णभक्त सुवालको अध्यक्षतामा गठन गरियो भने साबिक भोलाछेँ भेगीय निर्वाचन परिचालन समिति तुल्सीप्रसाद खाताखोको अध्यक्षतामा गठन गरियो ।

## तिलागापाको
# डोङ्ग्रीमा कार्यकर्ता प्रशिक्षण

जुम्ला, २ फागुन । नेपाल मजदुर किसान पार्टी तिला गाउँपालिका समितिको आयोजनामा डोङ्ग्री गाउँमा कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले नेमकिपाले स्थापनाकालदेखि समाजवाद र साम्यवादको दीर्घकालीन लक्ष्य राखेर राजनीतिलाई देश र जनताको नि:स्वार्थ सेवा गर्ने नीतिको रूपमा लिएको तर पटक-पटक सरकारमा गएका शासक दलहरूले नेता, गुट र कार्यकर्ताको स्वार्थमा केन्द्रित राजनीति गर्दा देशमा आजको जटिल अवस्था निम्तिएको हो भन्नुभयो ।

प्रधानमन्त्री र मन्त्री बनेकाहरूले कमिसन खाएर सम्पत्ति कमाउनेमा मात्र ध्यान केन्द्रित गर्दा देशमा भ्रष्टाचार, अनियमितता, नातावाद कृपावादजस्ता अनेक विकृति विसङ्गति मौलाएको चर्चा गर्दै उहाँले भ्रष्टाचारीहरूको सम्पत्ति

***बाँकी पृष्ठ ८ मा***

# विदेशी चलखेलले देशमा अराजकता




भक्तपुर, २ फागुन । नेमकिपा सूर्यविनायक निर्वाचन परिचालन समितिको आयोजनामा नगरस्तरीय कार्यकर्ता भेला शनिबार सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले सङ्गठित शक्तिले मात्रै परिवर्तन हुने उल्लेख गर्दै देशघाती एमसीसी सम्झौताले देशमा विदेशी चलखेल बढेको हुँदा सचेत हुनुपर्छ भन्नुभयो ।


“नेपालको इतिहासमा थुप्रै शासन फेरियो तर शासकहरूमा संस्कार, आचरण फेरिएन । जनताले परिवर्तनको अनुभूति गर्न पाएनन् । देशमा समाजवादी व्यवस्था नआएसम्म गरिब, मजदुर, कामदार जनताको साँचो स्वर्ग नआउने भएकोले समाजवादको निम्ति निरन्तर सङ्घर्ष आवश्यक छ”, उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले राजनीति देश र जनताको नि:स्वार्थ सेवा हो, पेसा होइन; ठुला राजनीतिक दलहरूले राजनीतिलाई आफ्नो स्वार्थपूर्ति गर्ने माध्यम बनाएको कारण देशले यो दूर्दशा भोग्न परेको हो भन्नुभयो ।

जनताले परिवर्तन खोजेको समयमा राजनीतिक सक्रियता बढाउन सके संसद्मा थप एक जना जनताका वकिल/प्रतिनिधि पुगेर देश र जनताको पक्षमा काम गर्ने वातावरण मिल्ने हुँदा सम्पूर्ण कार्यकर्ताको सक्रियता आवश्यक छ भन्नुभयो ।

निर्वाचन परिचालन समितिका संयोजक सूर्यभक्त त्वातीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका महेन्द्र बखुन्छेँले पनि बोल्नुभएको थियो ।

***व्यङ्ग्यचित्रको कुनो***



# देश र जनताको नि:स्वार्थ सेवा गर्ने नेमकिपा




भक्तपुर, २ फागुन । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनपा वडा नं. २ एकाइ समितिको आयोजनामा शनिबार विद्यार्थी भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले जस्तै अरू ठूला भनिने राजनीतिक पार्टीहरूले देश र जनताको सेवामा इमानदारीपूर्वक काम गरेका भए यो देशको विकास भइसक्थ्यो भन्नुभयो ।

"नेमकिपाले युवा पुस्तालाई देश र जनताको नि:स्वार्थ सेवा गर्न सिकाइरहेको छ । नेमकिपा जितेको स्थानीय तहमा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा विशेष जोड दिई युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको छ", उहाँले भन्नुभयो ।

"अहिले केही व्यक्तिहरू देश बनाउन जादु गरिरहेको बताउँदै छन् । समाज विकासमा जादुको केही देन हुने गर्दैन, जादु गरेर विकास गर्ने भनेको जनतालाई छलछाम गर्नु हो; सङ्घर्ष नगरी विकास हुनेछैन । युवा पुस्ताले पनि आफूसँग भएको ज्ञान देश र समाजको हितमा उपयोग गर्नु जरूरी छ", केन्द्रीय सदस्य गोसाईले भन्नुभयो ।

नेमकिपा व्यासी एकाइ समितिका अध्यक्ष गणेशप्रसाद सुवालले अग्रजहरूको निरन्तर सङ्घर्षकै कारण पार्टीप्रति जनविश्वास बढ्दै गएको बताउनुभयो ।

कार्यक्रममा सुजि हेङ्गो, श्रद्धा कोजु, रमा माताङ र रेक्स सुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रगतिशील गीत पनि प्रस्तुत गरिएको थियो ।

# बहुआयामिक साहित्यकार लाकोजुसँग अन्तरसंवाद कार्यक्रम

भक्तपुर, २ फागुन । स्थानीय साहित्यिक बहसलाई जीवन्त बनाउने उद्देश्यले बुक क्लब भक्तपुरले कवि तथा बहुआयामिक साहित्यकार सूर्यप्रसाद लाकोजुसँग विशेष अन्तरसंवाद कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रमको प्रारम्भमा विराट मानन्धरले कवि लाकोजुको जीवनी र साहित्यिक यात्राबारे विस्तृत प्रकाश पार्नुभयो । पनौतीको सांस्कृतिक र प्राकृतिक परिवेशमा जन्मिएर हुर्किएका लाकोजुले बाल्यकालदेखि नै जात्रा-पर्व, मठमन्दिर र स्थानीय संस्कारबाट प्रेरणा लिएको प्रसङ्ग उहाँले प्रस्तुत गर्नुभयो । कविता, मुक्तक, कथा, हाइकु, नियात्रा, अनुसन्धानमूलक निबन्ध, संस्मरण, अनुवाद तथा बालसाहित्यमा कलम चलाउँदै आएको लाकोजुलाई 'बहुभाषिक र बहुविधात्मक स्रष्टा' का रूपमा परिचित गराइयो ।

कवि लाकोजुले आफ्नो लेखनको मूल प्रेरणा तत्कालीन परिवेश, सामाजिक घटनाक्रम र समाजप्रतिको दायित्वबोध भएको बताउनुभयो । "साहित्य परिवर्तनको प्रतीक हो," उहाँले भन्नुभयो ।

'घाम' जस्ता प्रतीकको बारम्बार प्रयोग, समकालीन नेपाली साहित्यमा उहाँको स्थान तथा अनुसन्धानमूलक कृतिको विश्वसनीयताबारे उठेका जिज्ञासामा उहाँले स्पष्ट पार्दै भन्नुभयो, "'घाम' मेरो लेखनमा आशा, ऊर्जा र जीवनदर्शनको प्रतिनिधि हो, जसले निराशाबीच उज्यालोको सम्भावना देखाउँछ ।"

बालसाहित्यतर्फ 'कोपिला', 'यमरी', 'घाम उदायो', 'फूलैफूल', 'साथी', 'मेरो सानो घर' र 'मकर'को कथा प्रकाशित छन् ।

कार्यक्रम सञ्चालक हरिसुन्दर छुकांले कवि लाकोजुको लेखन यात्रा, चुनौती, अवसर र भविष्यका योजनाबारे जिज्ञासा राख्नुभएको थियो ।

अन्तरसंवादमा काठमाडौंका राजेश केसी, सृजना प्रजापति, पुरूषोत्तमलोचन श्रेष्ठ, काभ्रेका श्रीराम कर्माचार्य र खोटाङका श्रीराम राईलगायतले कवि लाकोजुका काव्य प्रवृत्तिगत विशेषता, प्रकृतिप्रेम, आध्यात्मिक संवेदना, सङ्घर्ष र योजनाबारे जिज्ञासा राख्नुभएको थियो ।

बुक क्लब भक्तपुरका अध्यक्ष दिनेश प्रधानले कवि लाकोजुलाई मायाको चिनो प्रदान गर्दै आगामी दिनमा पनि स्थानीय तथा राष्ट्रिय स्रष्टासँग नियमित अन्तरसंवाद कार्यक्रम आयोजना गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# भारतको कोइलाखानीमा ज्यान गुमाएका परिवारलाई आर्थिक सहयोग

खोटाङ, २ फागुन । हलेसी तुवाचुङ नगरपालिकाले भारतको मेघालयस्थित कोइलाखानीमा भएको विस्फोटमा परेर ज्यान गुमाएका आफ्ना नागरिकका परिवारलाई आर्थिक सहयोग उपलब्ध गराएको छ ।

रोजगारीको सिलसिलामा चार महिनाअघि मेघालय जानुभएका हलेसी तुवाचुङ-५ दुर्छिमका ५० वर्षीय रत्न राईको कोइलाखानीमा काम गर्दैगर्दा गत माघ २२ गते विस्फोटमा परी ज्यान गएको थियो । उहाँको परिवारलाई नगरपालिकाले रू. ५१ हजार सहयोग गरेको हो । गत असोज ९ गते मेघालय जानुभएका रत्नले ज्यान गुमाएपछि घरमै गएर मृतककी श्रीमती मीना राई (तामाङ)लाई रकम उपलब्ध गराएको नगर प्रमुख विमला राईले जानकारी दिनुभयो ।

दुर्छिमस्थित जोरकाफलका राई दम्पतीको दुई छोरा र दुई छोरी छन् । ज्याला मजदुरी कमाएको पैसाले घर व्यवहार धान्दै आउनुभएका रत्नको मृत्यु भएपछि परिवारका अन्य सदस्यको विचल्ली भएको छ । उक्त घटनामा खोटाङकै बराहपोखरी गाउँपालिका-१ बराहपोखरीस्थित सालघारीका २७ वर्षीय पूर्णिराम खपाङ्गी मगर, २४ वर्षीय सुरेन्द्र खपाङ्गी मगर र सोही वडाको भञ्ज्याङका ३५ वर्षीय नरबहादुर खपाङ्गी मगरले पनि ज्यान गुमाउनुभएको थियो । उनीहरूको भारतमै अन्त्येष्टि गरिएको छ । विस्फोटमा ज्यान गुमाउने सालघारीका पूर्णिराम र सुरेन्द्र दाजुभाइ भएको स्थानीय शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । विस्फोटमा गम्भीर घाइते भएका भञ्ज्याङका नरबहादुरको उपचारको क्रममा गत माघ २३ गते सिलोङस्थित निलग्रीन हस्पिटलमा मृत्यु भएको हो ।

**विस्फोटमा गम्भीर घाइतेको सिलोङमा उपचार हुँदै**

विस्फोटमा गम्भीर घाइते भएका नेपालका चार जनाको सिलोङस्थित निलग्रीन हस्पिटलमै उपचार भइरहेको घटनास्थलमा पुग्नुभएका मृतकका आफन्त प्रकाश खपाङ्गी मगरले जानकारी दिनुभयो । उहाँका अनुसार बराहपोखरी-१ सालघारीका ४७ वर्षीय कर्णबहादुर खपाङ्गी मगर र भञ्ज्याङका ४० वर्षीय बमबहादुर खपाङ्गी मगर, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ मुडेका ४८ वर्षीय दावा शेर्पा तथा छिमेकी जिल्ला उदयपुरको त्रियुगा नगरपालिका-१४ साउनेका ललितबहादुर लुङ्खेली मगरको हाल उपचार भइरहेको छ ।

रोजगारीको सिलसिलामा गत पुस ३ गते घरबाट हिँडेर भारतको मेघालय पुगेका तीन जनाको एउटै घटनामा ज्यान गएपछि बराहपोखरी गाउँपालिका शोकमा डुबेको छ । घटनाका मृतक परिवारलाई बराहपोखरी गाउँपालिकाले प्रतिव्यक्ति रू. ५० हजारका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको गाउँपालिकाका प्रमुख शालिकराम बज्जराले जानकारी दिनुभयो । कोइलाखानीमा भएको विस्फोटपछि सँगै काम गर्दै आउनुभएका सोही गाउँपालिका-१ वालम्पाका ताराबल मगरले फोनमार्फत घटनाको बारेमा जानकारी गराउनुभएको थियो । मेघालय पुगेर कोइलाखानीमा काम गर्ने सात जनामध्ये ताराबल मात्रै सकुशल हुनुहुन्छ ।

मेघालयको कोइलाखानीमा भएको घटनापछि मृतकका परिवारलाई राहत तथा गम्भीर घाइतेको उपचारका लागि सहयोग सङ्कलन अभियानसमेत सुरू गरिएको स्थानीय इन्द्र लिमेल मगरले जानकारी दिनुभयो ।

# ठगीको अभियोगमा पक्राउ

काठमाडौं, २ फागुन । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी हङ्केरी पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा गोकर्णेश्वर नगरपालिका-८ बस्ने दोलखा कालिन्चोक गाउँपालिका-४ का ५६ वर्षीय महेश तामाङ पक्राउमा परेका छन् ।

अभियुक्तले एक जना पीडितबाट रू. तीन लाख ठगेको उजुरीका आधारमा उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौं महानगरपालिका-१२ बाट शुक्रबार पक्राउ गरेको हो । निजलाई कारबाहीका निम्ति वैदेशिक रोजगार विभागसमक्ष पेस गरिएको छ ।

# सूर्यमढीमा निर्वाचन परिचालन समिति गठन

भक्तपुर, २ फागुन । नेपाल मजदुर किसान पार्टी भ.न.पा. ९, सूर्यमढी निर्वाचन परिचालन समितिको वाग्मती प्रदेशका सांसद एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले शनिबार उद्घाटन गर्नुभयो ।

कार्यक्रममा गोसाईले देशमा भ्रष्टाचारका काण्डै काण्ड देखिनुमा सत्तामा गएका पार्टी नै दोषी रहेको बताउनुभयो । भदौ २३-२४ को विरोध प्रदर्शनले देशका ठूलठूला सम्पत्ति जल्नु र देशको बेतिथिले अन्तर्राष्ट्रिय जगतमा नेपालको बदनाम हुनुमा ठूला पार्टी नै दोषी भएको बताउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले देशमै तयार भएका स्वास्थ्यकर्मीहरूलाई देशमै रोजगारी दिनुपर्ने, जिल्ला र नगरमा अस्पतालको व्यवस्था गर्नुपर्ने बताउनुभयो । ख्वप विश्वविद्यालयको अनुमति नदिनु जनताप्रति घात भएको बताउँदै, ३० वर्षअघिदेखि नेमकिपाले नेपालमा मल कारखाना खोल्नुपर्ने कुरा राख्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भनपा-९ का अध्यक्ष कृष्णभक्त लवजुले नेमकिपाले घोषणापत्रअनुसार काम गर्दै आएको, अन्य पार्टीमा आश्वासन दिने तर काम नगर्ने प्रवृत्ति रहेको बताउनुभयो ।

कार्यक्रममा सूर्यमढी निर्वाचन समितिका संयोजक काशीलाल प्रजापतिले पनि बोल्नुभएको थियो ।

# ख्वप साकोसमा भ्रमण तथा निर्वाचनसम्बन्धी छलफल

भक्तपुर, २ फागुन । ख्वप बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा फागुन ४ गतेदेखि ८ गतेसम्म खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा र धरानमा हुने भौगोलिक अध्ययन अवलोकन र फागुन २१ गते हुने निर्वाचन सम्बन्धमा छलफल भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले चुनावलाई उपयोग गर्ने लेनिनवादी नीतिअनुसार नेमकिपाले देशभर ६९ वटा जिल्लामा १२० जना उम्मेदवार उठाएको उल्लेख गर्दै नेमकिपाले नि:स्वार्थ रूपमा देश र जनताको सेवा गरिरहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष राजकुमार लघुले भौगोलिक अध्ययन अवलोकन भ्रमण सम्बन्धमा जानकारी दिँदै समाजवादी व्यवस्थामा शिक्षा-स्वास्थ्य नि:शुल्क हुने, योग्यतानुसार काम, कामअनुसार ज्याला र व्यक्तित्व विकासमा समान अवसर पाउने बताउनुभयो ।

समाजवादी व्यवस्थामा मजदुर-किसानको हित हुने उल्लेख गर्दै उहाँले देशको सार्वभौमिकता रक्षा गर्ने नेमकिपालाई मत दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप साकोसका लक्ष्मीनारायण सुवाल, राजेश ब्याञ्जुले पनि भ्रमणको महत्त्वबारे प्रकाश पार्नुभएको थियो ।

# एक फर्मलाई जरिवाना

काठमाडौं, २ फागुन । नियमित रूपमा बजार अनुगमन गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक फर्मलाई रु. २० हजार जरिवाना गरेको छ ।

स्थलगत अनुगमनको क्रममा कैफियत देखिएपछि विभागले गुन्जेश्वरी ट्रेड लिङ्क प्रालि कसलेश्वरलाई जरिवाना गरेको हो । विभागले नियमित रूपमा पछिल्ला दिनमा खानका पकाउने ग्यास तथा खाद्य पदार्थसँग सम्बन्धित व्यवसाय तथा पसलको अनुगमन गरिरहेको छ । यसैक्रममा विभागले अन्य पाँच फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ ।

स्थानीय प्रशासन तथा उपभोक्ता अधिकारकर्मीको सहभागितामा नियमित रूपमा बजार अनुगमन गर्दै आएको छ ।

# साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको तयारी अन्तिम चरणमा

जनकपुर, २ फागुन । यही फागुन ५ देखि हुने जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव-२०८२ को तयारी अन्तिम चरणमा पुगेको छ ।

शनिबार आयोजित पत्रकार सम्मेलनमा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले फागुन ५ देखि ८ सम्म सञ्चालन हुने महोत्सवको पाँचौं शृङ्खलाको तयारी अन्तिम चरणमा पुगेको बताउनुभएको हो ।

मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय र मैथिली विकास कोषको आयोजना तथा जनकपुरधाम उपमहानगरपालिकाको सह-आयोजनामा महोत्सव आयोजना गर्न लागिएको उहाँले जानकारी दिनुभयो । महोत्सवमा कला साहित्य, राजनीति, सामाजिक, आर्थिक मुद्दा, इतिहासलगायत विभिन्न २० विषयमा गहन विमर्श र चित्रकला, पुस्तक तथा मिथिला भोजन प्रदर्शनीको आयोजना गरिने अध्यक्ष चौधरीले बताउनुभयो ।

महोत्सवमा नेपाल र भारतका विद्वान-विदुषी, गायक-गायिका तथा नाट्य समूहको सहभागिता हुनेछ । चार दिनसम्म जनकपुरधाम साहित्य, कला र सङ्गीतमय हुनेछ । उहाँले भन्नुभयो, "मैथिली विकास कोष सदैव भाषा, साहित्य, संस्कृति र कलाको सम्मान गर्दै आएको छ । यसमा प्रदेश सरकार र स्थानीय पालिकाले पनि सहयोग गरिरहेका छन् । विगतमा जस्तै जनकपुरवासीले यसपालि पनि महोत्सव सफल बनाउन भरपुर सहयोग गर्ने विश्वास छ ।"

महोत्सवका मुख्य आकर्षणमा सांस्कृतिक झाँकीसहित शोभायात्रा, उद्घाटन समारोह, विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, कविता वाचन प्रतियोगिता, लोकनृत्य प्रतियोगिता र मिथिला चित्रकला प्रतियोगिता, मिथिला चित्रकला कार्यशाला तथा प्रदर्शनी, नाटकलगायत सांस्कृतिक कार्यक्रम रहेको छ ।

## सङ्क्षिप्त समाचार

# चैत्य संरक्षण कार्य सम्पन्न

भक्तपुर, २ फागुन । मैत्रेय युवा सङ्घ र चैत्य सम्पदा संरक्षण समितिको संयुक्त आयोजनामा च्वङा गणेश स्थान प्राङ्गणमा रहेको ऐतिहासिक नमोबुद्ध चैत्यमा ढुङ्गा टाँसी संरक्षण गर्ने कार्य सम्पन्न भएको अवसरमा धन्यवाद ज्ञापन कार्यक्रम शनिबार सम्पन्न भयो ।

मैत्रेय युवा सङ्घका अध्यक्ष लक्ष्मीचन्द्र बज्राचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि अर्जुन भन्तेले पञ्चशील प्रदान गरी सुरू गर्नुभएको थियो ।

चैत्य संरक्षणका संयोजक तीर्थराज बज्राचार्यले स्वागत गर्दै चैत्य हाम्रो सम्पदा भएकोले स्थानीय सरकारले विभिन्न ठाउँमा रहेका चैत्य, बौद्ध सम्पदाहरू संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

च्वङा गणेश स्थान विकास समितिका अध्यक्ष लक्ष्मीनारायण राजलवट खत्रीले सो स्थान अहिलेको अवस्थासम्म आइपुग्न धेरै चुनौतीको सामना गर्नुपरेको बताउनुभयो ।

बौद्ध उपासक एवं समाजसेवी सङ्घरत्न शाक्यले चैत्यको पुरानो अवस्थाबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा श्रद्धेय अर्जुन भन्तेले दाताहरूलाई कृतज्ञता पत्र वितरण गर्नुभएको थियो ।

# कारागार सुरक्षाको जिम्मा नेपाली सेनालाई

खलङ्गा (दार्चुला), २ फागुन । सदरमुकाम खलङ्गामा रहेको कारागार कार्यालयको सुरक्षा नेपाली सेनाले सम्हालेको छ । बिहीबारदेखि जिल्ला कारागार कार्यालयको सुरक्षाको जिम्मा नेपाली सेनाले लिएको हो ।

सदरमुकाम खलङ्गामै रहेको श्रीदल गुल्मबाट सहसेनानि अन्वेश गुरूङको नेतृत्वमा १० जनाको टोली कारागार सुरक्षार्थ खटिएको छ । यसअघि उक्त कारागारमा नेपाल प्रहरीको टोलीले सुरक्षा दिँदै आएको थियो । अहिले प्रहरी टोली पनि कारागार सुरक्षार्थ खटिएको छ ।

सुरक्षाका हिसाबले अति संवेदनशील मानिएका कारागार तथा महत्त्वपूर्ण आयोजनामा सेना परिचालन गर्ने मन्त्रिपरिषद्को निर्णयअनुसार कारागारमा नेपाली सेना खटिएको हो । सोही निर्णयअनुसार दार्चुला कारागारमा पनि सेना तैनाथ गरिएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार सरकारको निर्देशनअनुसार आवश्यक समन्वय गरेर सुरक्षा व्यवस्थापन अघि बढाइएको हो ।



**विभिन्न जिल्लामा मतदान सामग्री लान तयारी गरिँदै**
निर्वाचन आयोग काठमाडौँले शनिबार प्रतिनिधिसभा सदस्य निर्वाचन- २०८२ का लागि विभिन्न जिल्लामा पठाउन तयारी गरिँदै मतदान सामग्रीहरू ।
*तस्बिर: प्रदीपराज वन्त/रासस*

# मापदण्डअनुसार विद्युत् आयोजनाले पानी नछाड्दा सुक्यो मोदीखोला

पर्वत २ फागुन । जलविद्युत् आयोजनाहरूले मापदण्डअनुसार पानी नछाड्दा पर्वतको मोदीखोला सङ्कटमा परेको छ । पर्वत खण्डमा मोदीखोलामा मात्रै नेपाल विद्युत् प्रधिकरण अन्तर्गतको १४.८ मेगावाटको मोदीखोला जलविद्युत् केन्द्र, १५.८ मेगावाटको मध्यमोदी हाइड्रोपावर लिमिटेड र २० मेगावाटको तल्लो मोदीखोला जलविद्युत् आयोजना र १० मेगावाटको तल्लो मोदी 'ए' गरी चारवटा आयोजना छन् ।

जसमध्ये मोदी गाउँपालिकामा तीन र कुश्मा नगरपालिकामा एउटा आयोजना सञ्चालनमा छन् । नेपालको जलविद्युत् तथा जलस्रोत नीतिअनुसार आयोजनाले नदीमा कम्तीमा २५ प्रतिशत प्राकृतिक बहाव निरन्तर छाड्नुपर्ने कानुनी प्रावधान छ । तर यसको व्यावहारिक कार्यान्वयन नहुँदा मोदीखोला सङ्कटमा परेको हो ।

खोलामा पानीको बहाव नहुँदा जलचरसमेत सङ्कटमा परेका छन् । मोदीखोलाको प्रख्यात असला माछाको अस्तित्वसमेत गुम्दै गएको छ । मोदी खोलामा विसं २०५७ मा पहिलोपटक सञ्चालित आयोजना मोदीखोला जलविद्युत् केन्द्र हो । यसको पानीको ड्याम जलाशय बेतेनीमा अवस्थित छ, भने विद्युत्गृह चाहीँ पातिचौरमा । मध्यमोदी हाइड्रोको पानीको ड्याम जलाशय वीरेठाँटी र विद्युत्गृह बेतेनीमा छ ।

यस्तै, तल्लो मोदीखोला जलविद्युत् आयोजनाको ड्याम जलाशय पातिचौरमा र विद्युत्गृह चाहीँ कुश्माको परादीमा अवस्थित छ । कास्की र पर्वतको सिमाना नयाँ पुलदेखि पर्वतको कुश्मा नगरपालिका-८ चुवासम्म झण्डै १२ किलोमिटर लामो दुरीमा कतैपनि पानीको थोप्लासमेत देख्न पाइँदैन । यसले स्थानीयवासीको दैनिकीसमेत कष्टकर बन्दै गएको स्थानीय देवी लामिछानेले बताउनुभयो ।

कुश्मा नगरपालिकाको चुवास्थित १० मेगावाट क्षमताको तल्लो मोदीखोला जलविद्युत् आयोजनाको ड्याम जलाशय परादीमा बाँधिएको छ । यसको जलविद्युत् गृह भने चुवाको सुइटेबौरमा निर्माण गरिएको छ । चारवटै जलविद्युत् गृह लहरै अवस्था छन् । एउटा जलविद्युत् गृहको पानीको ड्याम जलाशयबाट छाडिएको पानी खोलामा बग्न नपाउँदै अर्को जलविद्युत् गृहको ड्याममा मिसिन पुग्छ । यसले गर्दा पनि मोदीखोलामा पानीको सङ्कट उत्पन्न भएको छ ।

मोदी गाउँपालिकाले खडेरी सुरु हुनासाथ जलविद्युत् गृहका जिम्मेवार कर्मचारीलाई बोलाएर कानुनले निर्देशित गरेको पानी खोलामा छाड्न अनुरोध गरे पनि त्यसको कार्यान्वयन नभएको बताएको छ । मोदी गाउँपालिकाका उपाध्यक्ष बिमल लामिछानेले भन्नुभयो, "जलविद्युत् गृहले मोदीखोलामा पानी नछाड्दा तटीय क्षेत्रका बस्ती प्रभावित बन्ने खतरा छ । हामीले कार्यपालिकाबाट बैठक नै गरेर धेरैपटक सम्बन्धित हाइड्रो सञ्चालकलाई पत्राचारदेखि अनुगमनसम्म गरेका छौँ, मापदण्डअनुसार पानी छाड्न भनेका छौँ तर उहाँहरूले कहिल्यै टेर्नुभएको छैन ।"

गाउँपालिकाले मोदी खोलाबाट उत्पादित हुने विद्युत्बाट वार्षिक झण्डै रु डेढ रूपैयाँ रोयल्टी प्राप्त गर्दै आएको छ । बिजुली उत्पादनका नाममा वातावरणलाई दीर्घकालीन असर पार्ने काम बन्द गर्न स्थानीयले माग गरेका छन् । पानी बग्नुपर्ने खोलामा हिजोआज कमिला हिँड्न थालेको भन्दै कम्पनीको स्वार्थका लागि प्रकृतिसँग नखेल्न चेतावनी दिएका छन् । "खोलाको पानीमा निर्भर सिँचाइ खेती प्रभावित भएको छ । खानेपानीको मुहानमा समस्या आउन थालेको छ," तिलाहरका किसान रमाकान्त क्षेत्रीले भन्नुभयो, "यस क्षेत्रका माछा हराएर गइसके, चराचुरुङ्गी र वन्यजन्तुको बासस्थान नष्ट भएको छ, प्रकृतिमाथिको दोहनका कुरा कसले सुन्ने ?"

खोला सुकाएको विषयमा जनस्तरबाट हरेक वर्ष गुनासो जिल्ला प्रशासन कार्यालमा पुग्ने गर्छ । जलविद्युत् गृहका कर्मचारीलाई बोलाएर छलफल गराउने पनि गरिन्छ । तर कार्यान्वयन हुँदैन । "गत वर्ष बोलाएर जुनै पनि हालतमा कम्तीमा १० प्रतिशत पानी छाड्न भनेका हौँ, त्यसरी खोलै सुकाएर पर्यावरणमा असर पार्ने काम गर्न त पाइएन नि," सहायक प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलले भन्नुभयो, "गाउँ पालिकाले हामीले नियमन गर्न सकेनौँ भन्न पाइयो र ? हामीले प्रहरी खटाउनुपर्छ कि, के गर्नुपर्छ ? त्यो चाहीँ भन्नुपऱ्यो । अब छिट्टै हाइड्रोका कर्मचारीलाई बोलाएर छलफल गर्छौं ।"

तल्लो मोदी जलविद्युत् आयोजनाका प्रमुख सुरेन्द्र बेलवासेले आफूहरूले मापदण्डअनुसार नै खोलामा पानी छाडेको दाबी गर्नुभएको छ । अन्य हाइड्रोहरूले के गरेका छन् थाहा भएन तर आफूहरूले भने मापदण्डअनुसार नै पानी खोलामा बग्न दिएको उहाँको दाबी छ ।

# निर्वाचन १९ दिन बाँकी : अब १४ जिल्लाको मात्रै मतपत्र छाप्न बाँकी

काठमाडौँ, २ फागुन । मतपत्र छपाइको काम अन्तिम चरणमा पुगेको छ । निर्वाचन आयोगका अनुसार अब काठमाडौँ उपत्यका आसपासका जिल्लाका निर्वाचन क्षेत्रको मतपत्र छपाइको काम बाँकी छ ।

भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्रमा नियमित रूपमा मतपत्र छपाइको काम भइरहेको छ । आयोगका अनुसार, आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६३ जिल्लाका १३३ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको छ ।

हालसम्म एक करोड ७१ लाख ६३ हजार मतपत्र छपाइ सम्पन्न भएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुराको मतपत्र छपाइ सम्पन्न भएको छ ।

यस्तै, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्तापश्चिम ( नवलपरासी), मोरङको मतपत्र छपाइ सम्पन्न भएको छ ।

त्यस्तै, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुमपूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्तापूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट र काभ्रेपलाञ्चोक गरी ६३ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो ।

अब काठमाडौँ उपत्यका वरपरका १४ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी छ । तीन दिनमा मतपत्र छपाइ सकिने अनुमान गरिएको सहायक प्रवक्ता न्यौपानेले बताउनुभयो । छापिएका जिल्लाको मतपत्र प्याकिङ भइसकेको छ । हालसम्म १५ हजार ३७१ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ ।

गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार दुई सय नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ । दोस्रो चरणमा दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी गरिएको आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ ।

त्यसैगरी छपाइ सम्पन्न भएको मतपत्र आजैदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ । कर्णाली प्रदेशका सल्यान, रुकुमपश्चिम, डोल्पा, मुगु, हुम्ला, कालिकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो ।

# अख्तियारमा स्थानीय तहका उजुरी अत्यधिक

राँझा (बाँके), २ फागुन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जमा स्थानीय तहका भ्रष्टाचारसम्बन्धी उजुरी अत्यधिक परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जका प्रमुख झरेन्द्रप्रसाद चापागाईंले अख्तियारमा प्राप्त विभिन्न क्षेत्रका उजुरीमध्ये सबैभन्दा बढी स्थानीय तहसँग सम्बन्धित रहेका जानकारी दिनुभयो । उहाँका अनुसार, सबैभन्दा बढी बर्दियाको बढैयाताल गाउँपालिकाको २५, दाङको तुलसीपुर उपमहानगरपालिकाको १८, दाङको घोराही उपमहानगरपालिकाको १७, बाँके कोहलपुर नगरपालिकाको १६, बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाको १५, नरैनापुर गाउँ पालिकाको १५, बारबर्दिया नगरपालिकाको १३, दाङ लमही नगरपालिकाको १२, बाँकेको डुडुवा गाउँपालिकाको १० र अन्य ७६ उजुरी दर्ता भएका हुन् ।

नेपालगञ्ज कार्यालयमा चालू आथिक वर्षको साउनदेखि माघ २५ गतेसम्म करिब सात महिनाको अवधिमा ४७१ उजुरी प्राप्त भएका छन् । यसमा १८५ उजुरीको छानबिन सम्पन्न भएको छ भने २८६ उजुरी छानविनको प्रक्रियामा रहेका छन् । अख्तियार नेपालगञ्ज कार्यालयको बाँके, बर्दिया, दाङ र रोल्पा जिल्ला कार्यक्षेत्र रहेको छ ।

नेपालगञ्ज कार्यालयमा चालू आवमा स्थानीय तह (सङ्घीय मामिला) तर्फ ११७, स्थानीय तहतर्फ (शिक्षा) तर्फ १००, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयतर्फ (वन वातावरण मात्र) ६२, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयतर्फ ३७, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ २६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ १८, गृह मन्त्रालयतर्फ १५, ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयतर्फ १४, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयतर्फ (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मात्र) १० र अन्य ७२ गरी जम्मा ४७१ उजुरी दर्ता भएका हुन् ।

यसमध्ये स्थानीय तह (सङ्घीय मामिला)तर्फ ४३, स्थानीय तह (शिक्षा) तर्फ ४५, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (वन वातावरण मात्र) तर्फ २८, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयतर्फ १२, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ १४, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ पाँच, गृह मन्त्रालयतर्फ ११, ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयतर्फ ६, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मात्र)तर्फ चार र अन्य १७ गरी जम्मा १८५ उजुरी फछ्र्यौंट भएका छन् भने २८६ उजुरी बाँकी रहेका छन् ।

नेपालगञ्ज कार्यालयमा गत आवमा ९०२ उजुरी दर्ता भएकामा ७८८ उजुरी फछ्र्यौंट भएका थिए । त्यसैगरी आव २०८०/८१ मा एक हजार ४४ उजुरी दर्ता भएकामा ८७५ उजुरी फछ्र्यौंट भएका र आव २०७९/८० मा ८१२ उजुरी दर्ता भएकामध्ये ४९९ उजुरी फछ्र्यौंट भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जका प्रमुख चापागाईंले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# हल्ला होइन नीति र कार्यक्रमसहितको निर्वाचन घोषणापत्र जरुरी

फागुन २१ को दिन हुने प्रतिनिधिसभाको निर्वाचन नजिकिएको छ। निर्वाचन घोषणा भएसँगै राजनीतिक दलहरू चुनावमा नीतिगत बहसभन्दा कुन दलबाट को उम्मेदवार बन्ने र बन्यो भन्ने छलफलले राजनीतिक वृत्त र सामाजिक सञ्जाल ढाकिएको छ। यसले निर्वाचनमा देशको राष्ट्रिय र परराष्ट्र नीतिसँग जोडिएका सवाल, नीतिगत प्रतिबद्धता र कार्यक्रमहरू ओझेलमा परेका छन्। निर्वाचनमा जनचासोका मुद्दा हराउँदो छ, 'नायक' को खोजी गरिँदो छ। यही लहडमा देशका सञ्चारमाध्यमहरूलाई समेत सामाजिक सञ्जालका 'अल्गोरिदम' ले दौडाइरहेको देखिन्छ।

लोकतान्त्रिक पद्धतिमा निर्वाचनको सौन्दर्य जनतासँग गएर उनीहरूका समस्यामाथि छलफल गर्नु, ती समस्यालाई दलहरूका घोषणापत्रमा समेट्नु र चुनावपछि तिनको कार्यान्वयनका लागि प्रतिबद्धता जनाउनु हो। विगतका निर्वाचनमा दलहरूबाट घोषणापत्रहरू सार्वजनिक हुन्थे, कार्यक्रममाथि बहस हुन्थ्यो र मतदाताले त्यसकै आधारमा घरदैलोमा आएका उम्मेदवारलाई प्रश्न सोध्थे। त्यसबमोजिम आफ्नो गोप्य मतदान दिन्थे।

विगतका निर्वाचनहरूमा जस्तै २०७९ सालको संसदीय निर्वाचनमा प्रमुख दलहरूले लामो लामो घोषणापत्र सार्वजनिक गरेका थिए। आज मतदाताले तिनलाई सोध्नुपर्ने प्रश्न हो- ती प्रतिबद्धता कति पूरा भए ? किन पूरा भएनन् ? नीतिमाथि छलफल भएको भए कार्यक्रमको समीक्षा हुने थियो। तर, अहिले त्यो अवसर नै हराएको छ। सामाजिक सञ्जालको चिच्याहटमा यस्ता प्रश्न परिदृश्यमै छैन।

यदि निर्वाचन नीतिप्रधान र कार्यक्रममुखी भएको भए यस्ता सवालहरू चुनावको केन्द्रमा हुने थिए। नेपाल मजदुर किसान पार्टीले मात्र झन्डै ५० प्रतिशत महिला उम्मेदवारहरू खडा गऱ्यो। महिला प्रधानमन्त्रीको नेतृत्वमा भइरहेको निर्वाचनमा संविधानको मर्म मार्ने गरी दलहरूले किन यो विघ्न लैङ्गिक उपेक्षा गरिरहेका छन् ? नयाँ पुराना सबै दलमा पुरुषकै नेतृत्व भएर हो महिलाले यस्तो विभेद भोग्नुपरेको ? प्रश्न उठ्नुपर्छ तर उठेको छैन।

मधेशमा 'अब कि बार बालेन सरकार' जस्ता नाराहरू देखिएका छन्। भारतको 'अब कि बार मोदी सरकार' को प्रतिरूपजस्तै देखिने यी नाराले संसदीय पद्धतिमा पनि प्रत्यक्ष प्रधानमन्त्री छान्ने भ्रम सिर्जना गरिरहेका छन्। सरकार बन्यो भने के गर्ने भन्ने प्रश्नमा न बालेन न उनका कोही कार्यकर्ताले स्पष्ट जवाफ दिइरहेका छन्।

बहुदलीय व्यवस्थाको पुन:स्थापनापछि २०४८ सालमा भएको निर्वाचनमा मात्र पुन: सुरु भएको थियो। त्यसपछिका हरेक निर्वाचनमा शासक दलहरूले आकर्षक नारा र कार्यक्रमसहित घोषणापत्र जारी गरे तापनि सरकारमा पुगेपछि त्यसको कार्यान्वयनमा भने कहिल्यै गम्भीर बनेनन्। घोषणापत्रमा लेखिएका नीति तथा योजनाहरू कार्यान्वयनमा किन असफल भए भन्ने प्रश्नमा शासक दलका नेताहरूले नै राजनीतिक अवरोध, हस्तक्षेप र संरचनागत समस्याहरू रहेको स्वीकार गरेका थिए। यसले नेपालमा नीतिगत बहसको खडेरीलाई उजागर गर्छ।

आजको राजनीति नीतिभन्दा नायकको खोजीतर्फ उन्मुख छ। व्यक्तित्वलाई आकर्षक रूपमा प्रस्तुत गर्ने, वाक्कला र सामाजिक सञ्जालबाट जनतालाई आकर्षित तुल्याउन सक्ने पात्रहरू नै केन्द्रमा छन्। तर, संस्थागत संरचना, नीति निर्माण र दीर्घकालीन कार्यक्रमबारे छलफल देखिँदैन।

प्रजातन्त्रमा नेतृत्वको दाबी गर्नेले व्यवस्थाप्रति देखाएको व्यवहारमा पनि राजनीतिक सन्देश हुन्छ। उनीहरूले २०७२ को संविधानलाई आधार मानेर अगाडि बढ्ने त भनिरहेका छन् तर सँगै धर्मनिरपेक्षता र राजतन्त्रबारे जनमतसङ्ग्रह गर्ने कुरा पनि उठाइरहेको बताइन्छ। यस्ता सैद्धान्तिक अलमलले मुलुक अगाडि बढ्दै छ कि पछाडि फर्किंदै छ भन्ने आशङ्का जन्माउँछ। यदि संविधान नै साझा मैदान हो भने त्यसलाई टेकेर भविष्यको नीति, कार्यक्रम र विकासको खाका प्रस्तुत गर्नुपर्थ्यो। राजनीतिक दल र उम्मेदवारहरूले मतदातालाई स्पष्ट रूपमा भन्नुपर्ने थियो- हामीलाई जिताउनु भयो भने आगामी पाँच वर्षमा देशघात हुने गरी कुनै देश वा कम्पनीसित सन्धि-सम्झौता गर्नेछेनौं, शिक्षामा यति सुधार गर्छौं, स्वास्थ्यमा यति लगानी गर्छौं, ऊर्जामा यति मेगावाट थप्छौं र रोजगारी सिर्जना गर्न यस्ता-यस्ता कार्यक्रम ल्याउँछौं भनेर वाचा गर्नुपर्थ्यो। तर, यस्ता ठोस प्रतिबद्धता शासक दलहरूका नेताहरूबाट आएका छैनन्। अहिलेको चुनावी बहस त्यस दिशामा गएको देखिँदैन। बहस व्यक्ति 'नायक' बन्ने वा नबन्नेतर्फ मोडिएको छ।

नीतिको साटो अनुहार, कार्यक्रमको साटो नारा हाबी भएका छन्। यही प्रवृत्तिले अहिले निर्वाचनलाई नीतिगत बहसभन्दा पर धकेलिरहेको छ। निर्वाचन नीतिप्रधान, कार्यक्रममुखी र संस्थागत अभ्यासतर्फ फर्कन सकेन भने लोकतन्त्र केवल व्यक्तिहरूको उत्थान र पतनको खेलमा सीमित हुने खतरा छ। नयाँ भनिएका दलहरूको अभ्यासले पनि प्रश्न जन्माएको छ। सुशासनका लागि लडेर ज्यान गुमाएकाहरूको परिवारलाई 'देशमै न्याय र सुशासन' दिनुको सट्टा विदेश पठाउने प्रस्ताव आउनु, विगतमा विनाप्रस्ट मापदण्ड विदेश पठाउने अभ्याससँग दुरुस्तै देखिन्छ। यसले 'नयाँपन' वास्तवमै के हो भन्ने प्रश्न उठ्छ।

यसैले अहिले सबैभन्दा ठुलो खाँचो देशभक्त नागरिकको चेतना हो। नागरिक समाज, मिडिया र स्वयं मतदाताले व्यक्तिको प्रशंसा वा विरोधमा सीमित नभई नीतिमाथि बहस गर्नुपर्ने समय हो। कसले के वाचा गरिरहेको छ, त्यो कति यथार्थपरक छ, विगतका घोषणापत्रमा गरिएका वाचा कति पूरा भए-यी सबैको सार्वजनिक समीक्षा आवश्यक छ। विगतमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने प्रतिबद्धता नआएको भए, आज त्यसको प्रगति कति भयो भनेर प्रश्न उठ्ने ठाउँ नै हुने थिएन।

# अमेरिकी नाकाबन्दीबिच क्युवामा तेल पठाउँदै रुस

● एड न्युमेन

रुसले क्युवालाई तेल र पेट्रोलियम पदार्थ बोकेका जहाज पठाउने भएको छ। गत बिहीबार यससम्बन्धी वार्ता टुङ्गो लागेको क्रेमलिनले जनाएको छ। आधा शताब्दीभन्दा बढी समयदेखि संरा अमेरिकाले क्युवामाथि नाकाबन्दी लगाउँदै आएको छ। उक्त नाकाबन्दी झन्झन् कसिलो बनिरहेको पृष्ठभूमिमै रुसले यो सहयोग गर्ने भएको हो।

धेरै कुरा नखुलाए पनि रुसी राष्ट्रपतिका प्रवक्ता दिमित्री पेस्कोभले क्युवाले ऊर्जाका लागि विभिन्न विकल्पबारे सोचिरहेको बताए।

उनले भने, "हामी क्युवाली साथीहरूसँग लगातार सम्पर्कमा थियौं र उनीहरूलाई कसरी सहयोग गर्न सकिएला भनेर छलफल गरिरहेका थियौं।"

उनले हवानासँगको ऊर्जा सहकार्य ऐतिहासिक सम्बन्धकै सिलसिला भएकोमा जोड दिए। उनले क्युवाप्रति रुसको सम्बन्ध ऐक्यबद्धतापूर्ण रहेको जनाए।

क्युवास्थित रुसी दूतावासले तेल र प्रशोधित सामग्री बोकेर आइरहेको जहाजबारे यसअघि नै घोषणा गरिसकेको थियो। यी सामग्रीलाई मानवीय सहायता भनिएको छ। क्युवाले भोगिरहेको चरम ऊर्जा सङ्कटमा राहत पुग्ने गरी यी सामग्री पठाइएको हो।

क्युवाको स्थिति सङ्कटपूर्ण छ। अमेरिकी नाकाबन्दीका कारण क्युवा अन्तर्राष्ट्रिय इन्धन बजारबाट अलग्गिएको स्थितिमा छ। यसले गर्दा लामो समय लोडसेडिङमा बिताउनुपर्दा लाखौं नागरिकहरूको दैनिक जीवन कष्टप्रद छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो धम्कीले स्थिति झन् नाजुक बनेको छ। उनले क्युवालाई हाइड्रोकार्बन पठाउने देशमाथि थप भन्सार कर लगाउने धम्की दिएका छन्। यो क्युवाविरुद्ध अमेरिकाको पछिल्लो हत्कण्डा हो।

क्युवालाई सहायता पठाउँदैमा रुस अमेरिकाविरुद्ध आमनेसामनेको स्थितिमा नजाने पेस्कोभले स्पष्ट पारे।

अमेरिकी प्रतिबन्धहरूका कारण रुस-अमेरिका सम्बन्ध झन्डै ठप्पको स्थितिमा रहेको उनले बताए। उनले भने, "हामी कुनै प्रकारको चर्काचर्की चाहँदैनौं। बरु अहिले अमेरिकासँग हाम्रो कुनै व्यापार नभइरहेको स्थिति हो।" यति हुँदाहुँदै पनि मस्को मतभेदहरू सल्टाउन 'रचनात्मक संवाद' प्रति कटिबद्ध रहेकोमा पेस्कोभले जोड दिए।

क्युवाविरुद्ध अमेरिकी 'ऊर्जाबन्दी' को विषयमा बरु रुसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जखारोभा बढी जोडदार देखिइन्।

जखारोभाको भनाइमा अमेरिकी नीति क्युवाको घाँटी थिच्न र क्युवाली जनतालाई दण्डित गर्न लालायित छ। अमेरिकाको यो रणनीतिले अन्तर्राष्ट्रिय कानुन र सार्वभौमसत्ताको आधारभूत सिद्धान्त मिचेको जखारोभाले तर्क गरिन्।

मस्कोको यो घोषणा क्युवाप्रति अर्को अन्तर्राष्ट्रिय समर्थनको रूपमा आएको छ। अमेरिकी आक्रामकता बढेसँगै हालैका महिनाहरूमा चीन र भेनेजुयलाजस्ता देशले क्युवाप्रति यसरी नै साथ-समर्थन प्रकट गरेका छन्।

रुसको ऊर्जा सहयोग हवानाका लागि तत्कालीन राहत मात्र होइन। यो सहयोग क्युवाको स्वतन्त्र विदेश नीति र रणनीतिक साझेदारीको पुनर्पुष्टि पनि हो।



रुसको सहयोगप्रति संरा अमेरिकाले कस्तो प्रतिक्रिया दिने हो भन्ने अनुत्तरित छ। उसले क्युवाली ऊर्जा क्षेत्रमा सहयोग गर्ने देशलाई प्रतिबन्ध लगाउने घोषणा गरिसकेको छ। वासिङ्टन र मस्कोबिच कुनै व्यापारिक सम्बन्ध नहुनाले रुसलाई प्रत्यक्ष दबाब पर्ने सम्भावना कम छ। यसले गर्दा रुसी जहाज सजिलै क्युवा जाने माहोल बनेको छ।

क्युवाले चरम सङ्कटको सामना गरिरहेको स्थितिमा क्रेमलिनले रुसी ऐक्यबद्धता प्रकट गर्दै छ। यसले क्युवाप्रति अमेरिकाको घाँटी थिच्ने नीतिको प्रभाव मत्थर हुने अपेक्षा छ।

*(स्रोत : टेलिसुर)*

# धुलाम्मे काठमाडौँ र फिरफिरे प्रविधिको खाँचो

✍ इकुश्रे

काठमाडौँ उपत्यकाको प्राकृतिक बनोट आफैँमा एउटा सुन्दर कचौराजस्तो छ तर आधुनिकतासँगै यही बनोट यहाँका बासिन्दाका लागि अभिशाप बन्न थालेको छ। चारैतिर पहाडले घेरिएको यो उपत्यकाभित्रको वायुमण्डलमा बाहिरबाट आउने ताजा हावाको प्रवेश र भित्रको दूषित हावाको निकास प्राकृतिक रूपमै सुस्त छ। त्यसमाथि अनियन्त्रित सहरीकरण, सवारी साधनहरूको चाप र कहिल्यै नसकिने सडक विस्तारका आयोजनाहरूले काठमाडौँलाई विश्वकै प्रदूषित सहरहरूको सूचीमा पुऱ्याएको छ। आज काठमाडौँको आकाशमा देखिने तुवाँलो मौसमको बदलाब मात्र होइन, यो यहाँका लाखौँ नागरिकको फोक्सोमा सिधै प्रहार गरिरहेको मन्द विष हो। धुलो र धुवाँको यो मिश्रणले सहरको सौन्दर्य मात्र बिगारेको छैन, आम मानिसको आयुसमेत छोट्याइरहेको छ।

उपत्यकाको वायु प्रदूषणमा सबैभन्दा ठुलो हिस्सा सडकमा उड्ने धुलो (रोड डस्ट)-को रहेको विभिन्न अध्ययनले देखाएका छन्। मेलम्ची खानेपानी आयोजनाका लागि खनिएका सडकहरू समयमा मर्मत नहुनु, विद्युतका तार भूमिगत गर्ने क्रममा खनिएका खाल्डाखुल्डी अलपत्र पर्नु र सवारी साधनले टाढाबाट टायरमा टाँसेर ल्याउने माटो सुकेर धुलो बन्नु यहाँका मुख्य समस्या हुन्। हिउँदका महिनामा जब पानी पर्दैन, तब यो समस्याले विकराल रूप लिन्छ। हावामा तैरिएका सूक्ष्म कणहरू मानिसको श्वासप्रश्वास प्रणाली हुँदै रक्तसञ्चारसम्म पुग्ने गर्छन्। यसका कारण दम, एलर्जी, ब्रोन्काइटिस, हृदयघात र फोक्सोको क्यान्सरजस्ता गम्भीर रोगहरूको जोखिम डरलाग्दो गरी बढिरहेको छ। अस्पतालहरूमा श्वासप्रश्वासका बिरामीहरूको भीड लाग्नुले हाम्रो सहर कति अस्वस्थ छ भन्ने स्पष्ट ऐना देखाउँछ।

प्रदूषण नियन्त्रणका लागि हालसम्म राज्यले अपनाएका उपायहरू निकै परम्परागत र अपर्याप्त छन्। कहिलेकाहीँ सडकमा गुड्ने ब्रुमर मेसिनहरूले धुलो सोहोर्ने प्रयास त गर्छन्, तर तिनको पहुँच सीमित गल्ली र केही मुख्य सडकमा मात्र छ। त्यस्तै, ट्याङ्करबाट पानी छर्कने कार्य पनि बालुवामा पानी खन्याएजस्तै भएको छ। ट्याङ्करले सडकको एक छेउमा पानी हाल्दा अर्को छेउ सुकिसकेको हुन्छ र केही बेरमै फेरि धुलो उड्न थाल्छ। अर्कोतर्फ, पानी छर्कने क्रममा जथाभाबी हिलो हुँदा विशेषत: पैदल यात्री र दुईपाङ्ग्रे सवारी चालकहरू दुर्घटनाको जोखिममा पर्छन्। बेलाबेलामा प्राकृतिक रूपमा पानी परेर धुलो साम्य हुने अवस्था पनि सधैँ रहँदैन। जलवायु परिवर्तनका कारण वर्षाको चक्र बदलिएको छ, जसले गर्दा महिनौँसम्म काठमाडौँ 'डस्ट बिन' जस्तो बन्न पुग्छ। यस्तो जटिल अवस्थामा हामीलाई एउटा यस्तो स्थायी र प्रविधिमैत्री समाधान चाहिएको छ, जसले निरन्तर र व्यवस्थित रूपमा धुलोलाई नियन्त्रणमा राख्न सकोस्।

धुलोरहित स्वस्थ काठमाडौँ बनाउने विषयमा वातावरणविद्हरूका योजना र उपाय विभिन्न होलान्। सर्वसाधारणको सोचाइबाट हेर्दा भने यसको एक मात्र प्रभावकारी र आधुनिक विकल्प भनेको सडकका मुख्य खण्डहरूमा 'स्वचालित पानीका फिरफिरे' जडान गर्नु हो भन्ने लाग्छ। विकसित मुलुकका ठुला सहरहरूमा धुलो नियन्त्रण र वायु शुद्धीकरणका लागि यो प्रविधि सफल मानिन्छ। सडकको बिचमा रहेका डिभाइडर वा किनाराका रुखहरूमा मसिना प्वाल भएका पाइप र फिरफिरेहरू जडान गरी निश्चित समयको अन्तरालमा पानी छर्कने व्यवस्था मिलाउन सकिन्छ। यो प्रणालीले पानीलाई सिधै धाराको रूपमा नभई 'मिस्ट' अर्थात् कुहिरो जस्तो मसिना थोपाको रूपमा फाल्छ। यी मसिना थोपाहरूले हावामा तैरिरहेका धुलोका कणहरूलाई समातेर जमिनमा झार्ने काम गर्छन्। यसले गर्दा सडक हिलो हुँदैन, तर ओसिलो रहने हुनाले सवारी साधन गुड्दा पुन: धुलो उड्न पाउँदैन।

यो प्रविधि कार्यान्वयन गर्न काठमाडौँको मुख्य चुनौती भनेको पानीको उपलब्धता हो। काठमाडौँमा खानेपानीको हाहाकार भइरहँदा सडकमा पानी छर्कनु कतिपयलाई असम्भव र विलासिता लाग्न सक्छ। तर, यसका लागि खानेपानीको प्रयोग गर्नु जरुरी छैन। उपत्यकाका विभिन्न ठाउँमा रहेका ढल प्रशोधन केन्द्रबाट निस्कने प्रशोधित पानीलाई यस कार्यमा प्रयोग गर्न सकिन्छ। त्यसैगरी, सार्वजनिक भवनहरूको छतमा वर्षाको पानी सङ्कलन (रेनवाटर हार्भेस्टिङ) गरेर ठुला ट्याङ्कीमा भण्डारण गरी सुक्खा मौसममा प्रयोग गर्न सकिन्छ। यो पानीलाई पाइपलाइनमार्फत सडकका फिरफिरेहरूसम्म पुऱ्याउन सकिन्छ। यसरी एकातिर खेर गइरहेको पानीको पुन:प्रयोग हुन्छ भने अर्कोतिर सहरको वायुमण्डल स्वच्छ रहन्छ।

फिरफिरे प्रणाली जडान गर्दा यसले बहुआयामिक लाभ दिन्छ। पहिलो त, यसले प्रत्यक्ष रूपमा जनस्वास्थ्यमा सुधार ल्याउँछ। नागरिकहरू रोगमुक्त हुनु भनेको राज्यको स्वास्थ्य बजेटमा भार कम हुनु र उत्पादकत्व बढ्नु हो। दोस्रो, गर्मी महिनामा सडकको तातो सतहबाट निस्कने रापलाई यसले कम गर्छ, जसलाई प्राविधिक भाषामा 'अर्बन हिट आइल्याण्ड' प्रभाव भनिन्छ। तेस्रो, यसले सडक किनारका बोटबिरुवालाई सधैँ हरियो र सफा राख्न मद्दत गर्छ, जसले सहरको सौन्दर्यमा निखार ल्याउँछ। सफा र धुलोमुक्त सडकले पर्यटन क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्छ। पर्यटकहरू मास्क लगाएर हिँड्नुपर्ने सहरभन्दा स्वच्छ हावा भएको सहरमा बढी रमाउँछन्।

निश्चय नै, यो परियोजना सुरु गर्दा केही प्रारम्भिक लगानी र प्राविधिक कठिनाइहरू आउन सक्छन्। तर, ठुला-ठुला भ्यु टावर र कङ्क्रिटका संरचनामा अर्बौं खर्च गर्ने सरकारले आफ्ना नागरिकको फोक्सो बचाउन यति लगानी गर्नु कुनै ठुलो कुरा होइन। सडक विभाग, खानेपानी मन्त्रालय र स्थानीय नगरपालिकाहरूबिच समन्वय हुने हो भने यो प्रविधि लागू गर्न असम्भव छैन। चिनियाँ र युरोपेली सहरहरूले धुलो नियन्त्रणका लागि यस्ता धेरै प्रयोगहरू सफल पारिसकेका छन्। हामीले पनि ती अनुभवबाट सिकेर हाम्रो परिवेश सुहाउँदो प्रविधि भित्र्याउन ढिलाइ गर्नु हुँदैन।

अन्तत:, काठमाडौँलाई बस्न योग्य र सुन्दर सहर बनाउने जिम्मेवारी राज्य र नागरिक दुवैको हो। धुलोका कारण वर्सेनी हजारौँ मानिसहरूले ज्यान गुमाउनुपर्ने र लाखौँले औषधि खानुपर्ने अवस्थाको अन्त्य हुनैपर्छ। सडकमा फिरफिरे राख्ने कुरा एउटा प्राविधिक सुधार मात्र होइन, यो नागरिकको 'स्वच्छ वातावरणमा बाँच्न पाउने' मौलिक हकको प्रत्याभूति पनि हो। सरकारले अबका दिनमा पूर्वाधार विकास गर्दा धुलो नियन्त्रणका यस्ता आधुनिक संयन्त्रहरूलाई अनिवार्य रूपमा योजनामा समावेश गर्नुपर्छ। प्रविधिको सही प्रयोगले मात्रै काठमाडौँलाई धुलोको कुहिरोबाट मुक्त गरी पुन: उज्यालो र स्वस्थ सहरको रूपमा पुनर्स्थापित गर्न सकिन्छ। प्रकृतिले साथ नदिएको समयमा प्रविधिको सहारा लिनु नै बुद्धिमानी हुनेछ।

# नायकपूजन र वैज्ञानिक मिजास

✍ सम्यक

*Andrea: Unhappy is the land that breeds no hero.*
*Galileo: No, Andrea, pity the land that needs a hero.*

*भावार्थ :*

*एन्ड्रेया : दुःखी हो त्यो देश, जसले नायक जन्माउँदैन ।*

*ग्यालिलियो : हैन, 'कठैबरा' भन त्यो देशलाई, जसले नायक खोज्छ ।*

बर्तोल्ट ब्रेख्तको विश्वविख्यात नाटक 'ग्यालिलियो' को संवाद हो यो । नाटकमा विज्ञानका प्रथम सहिद मानिने वैज्ञानिक ग्यालिलियोको जीवनका अन्तिम दिनको चित्रण छ । यो संसारका सबै विद्यालयमा मञ्चन गर्नुपर्ने, फिल्मको रूपमा देखाउनुपर्ने नाटक हो । (सन् १९७५ मा यसबारे फिल्म पनि बनिसकेको छ ।)

नेपालजस्ता तेस्रो विश्वका विपन्न मुलुकहरूमा विज्ञानको पढाइ हुन्छ । तर, कर्मकाण्डी मात्र । विज्ञानका प्राज्ञ/शिक्षक/विद्यार्थीले समेत टुप्पी पाल्ने, जनै लगाउने, अबीर/चन्दन घस्ने देश हो हाम्रो । किन ? किनभने यहाँ विज्ञानको सुगा-रटान चल्छ । तर, विज्ञानसम्मत जीवनशैली अपनाउने, वैज्ञानिक मिजासलाई मलजल गर्ने काम हुँदैन । (कतै भएको छ भने त्यसको असर कमै देखिएको छ !) 'ग्यालिलियो' वैज्ञानिक मिजासको बिरुवामा मलजल हाल्ने नाटक हो ।

**विज्ञान र विज्ञानको उपयोग**

विज्ञान रामभरोसे हुँदैन । यसले हरेक कुराको प्रमाण खोज्छ । प्रमाणमा भावुकता घोल्दैन । त्यसैले कतिपय मानिसहरू विज्ञानलाई अन्धो पनि भन्छन् । तर, अन्धो त विज्ञानलाई प्रयोग गर्ने/नगर्ने व्यक्ति, संस्था वा व्यवस्था हुन्छ । जापानमा अणुबम विज्ञानले खसालेको होइन एसियामा आफ्नो तुजुक देखाउन लालायित अमेरिकी साम्राज्यवादले खसालेको हो । संसारलाई जलवायु सङ्कटमा विज्ञानले धकेलेको होइन, विज्ञानलाई अस्त्र बनाएर जीवाश्म इन्धन/हानिकारक रसायनबाट नाफा खान पल्केका बहुराष्ट्रिय कम्पनीहरूले धकेलेका हुन् ।

यी यावत समस्याबाट पार पाउन पनि विज्ञानकै उपयोग गर्नुपर्छ । तर, फरक कत्ति हो भने यसको नियन्त्रण बहुमत कामदार जनताको हातमा हुनुपर्छ । पसिना बगाई खाने स्वाभिमानीहरूको हातमा विज्ञान एक परिवर्तनकारी र क्रान्तिकारी औजार बन्न सक्छ । जस्तो, सोभियत सङ्घको देशव्यापी विद्युतीकरणले दश वर्षमै त्यो देशलाई ३-४ सय वर्षसम्म अनवरत विकासपथमा दौडिरहेका बेलायत, अमेरिकाको हाराहारीमा पुऱ्यायो । सोभियत छापा उद्योगले सारा संसारलाई ज्ञानको ज्योति दियो । सोभियत अन्तरिक्ष अभियानले ज्ञानको नयाँ क्षितिज उघारिदियो । अहिले चीनले विज्ञान प्रविधिमा फड्को मार्दै सारा संसारलाई प्रविधिको उज्यालो बाँडिरहेको छ । निर्माण क्षेत्र, कृषि, उद्योग, ऊर्जा, विद्युतीय गाडी, इन्टरनेटमा कायापलट आएको छ । यसलाई हामी विज्ञानको रचनात्मक प्रयोग भनौँ । अणु बम त प्रजग कोरियासँग पनि छ । तर, उसले कसैलाई ( हतियार बेचेर धनकुबेर बन्न पल्केका उद्योगपतिहरूले जस्तो) भियतनाम र इराक बनाएन । क्युवाले मेडिकल विज्ञानमा मारेको फड्कोले ल्याटिन अमेरिका, अफ्रिका र एसियाका दीनदुःखीहरूको सेवा गऱ्यो । क्युवाले औषधिको क्षेत्रमा गरेको चमत्कारको फल संरा अमेरिकाका जनताले पनि चाख्दै छन् ।

**वैज्ञानिक मिजास**

विज्ञानको फल खानु र वैज्ञानिक मिजास राख्नु एकदम भिन्न कुरा हुन् । छाउगोठ बस्ने कर्णालीकी चेलीले मोबाइल चलाइरहेको दृश्य नेपालमा नौलो होइन । काठमाडौँमै पनि ल्यापटपमा 'ग्रह-दशा' हेर्ने बाहुनहरूलाई दिनकै टिभी च्यानलमा देख्न पाइन्छ । मोबाइल, ल्यापटप विज्ञानका फल हुन् । तर, तिनको प्रयोग गर्दैमा ती चेली र चन्दनधारी बाहुन आधुनिक, वैज्ञानिक वा वैज्ञानिक मिजासका बन्दैनन् । छाउगोठमा बस्ने ती चेली र चन्दनधारी बाहुनमा केही भिन्नता छैन । विज्ञानका आँखाबाट उनीहरू दुवै अन्धविश्वासी हुन् । जसरी छाउपडी प्रथा पछौटे समाजको चिन्ह हो, मान्छेका 'ग्रह-नक्षत्र' हेर्ने बाहुन पनि उत्तिकै पछौटे हुन् ।

वैज्ञानिक मिजास के हो त ? कुनै चीज कसरी बन्छ, कुनै घटना कसरी हुन्छ भनी जिज्ञासा राख्नु, त्यसको जवाफ खोज्न लगनसाथ वैज्ञानिक विधि अपनाउनु र जवाफ भेटाएपछि त्यसको पक्षमा स्वाभिमानीपूर्वक उभिनु र त्यो सत्यसँग बाझिने जोसुकै विरुद्ध सङ्घर्ष गर्नु नै वैज्ञानिक मिजास हो । वाक्य लामो हुनाले अप्ठ्यारो मान्नुपर्दैन । सामान्य मानिसहरूले समेत आआफ्नो पेशामा वैज्ञानिक मिजास नै राख्नुपर्ने हुन्छ । नेपालको तराईमा असार साउनमा नै धान लगाउनुपर्ने हुन्छ । धानमा सिँचाइ गर्ने, गोडमेल गर्ने, बाली स्याहार्ने काममा कुनै तलमाथि गर्न मिल्दैन । सबै नियमसम्मत गर्नुपर्ने हुन्छ । आइटी इन्जिनियरले जति वैज्ञानिक ढङ्गले सफ्टवेयर डिजाइन गर्छ, एक सिकर्मीले पनि फर्निचर बनाउन उत्तिकै वैज्ञानिक विधि वा गणितको प्रयोग गर्छ ।

विश्वविद्यालयमा थेसिस लेख्ने विद्यार्थीले वैज्ञानिक विधि अपनाउनुपर्ने हुन्छ । त्यसकारण, स्नातक तहमा अध्ययनरत जुनसुकै विद्यार्थीले 'अनुसन्धान विधि' को अध्ययन गर्नुपर्ने हुन्छ । घोक्न सजिलो हुनाले नेपालमा धेरै विद्यार्थीले 'अनुसन्धान विधि' मा धेरै अङ्क ल्याउँछन् । तर, अङ्क ल्याउनु र वैज्ञानिक मिजासको बन्नु फरक कुरा हुन् । 'अनुसन्धान विधि' लाई दैनिक प्रयोगमा ल्याएपछि मात्र विद्यार्थीको मिजास वैज्ञानिक बन्न सक्छ । विज्ञानको अध्ययनमा मात्र होइन, समाज विज्ञानका प्रत्येक विषयको विद्यार्थी 'वैज्ञानिक मिजास' को भएपछि मात्र उसको थेसिस तथ्यपरक बन्न पुग्छ । यसकारण, अध्ययनका सबै क्षेत्रमा खरो उत्रिने हो भने वैज्ञानिक मिजास चाहिन्छ ।

आफ्नो पेशामा मात्र होइन समाज, संस्कृति र राजनीतिलाई समेत गहिराइमा गएर बुझ्न वैज्ञानिक 'अनुसन्धान विधि' को खाँचो पर्छ । अझ वैज्ञानिक मिजासको नागरिकलाई मात्र राजनीतिमा सारचो अर्थमा 'सचेत मतदाता' भन्न मिल्छ ।

**विकास-अविकासको वैज्ञानिक नियम**

प्रकृति विज्ञानभन्दा अलि पर गएर नेपालको वर्तमान समाज र राजनीतिबाट केही उदाहरण हेरौँ ।

संसारमा सबैखाले युद्ध प्राकृतिक, मानवीय स्रोतसाधनका लागि हुँदै आएका छन् । हिटलरले रुसविरुद्ध गरेको युद्ध होस् वा अमेरिकाले इराक, लिबिया, अफ्रिकाका गरेका युद्ध हुन्, भित्री कारण तेल, वनपैदावार र खनिजमाथि तिनको गिद्धे दृष्टि नै थियो । कतिपय युद्ध जनशक्तिका लागि पनि हुन्छन् । जस्तो, कुनै बेला युरोपेली गोराहरूले अफ्रिकाबाट सस्ता ज्यामीका रूपमा काला अफ्रिकीहरूको किनबेच गर्थे । सारमा भन्ने हो भने प्राकृतिक सम्पदामा धनी मुलुकहरूमध्ये अधिकांश देश आर्थिक रूपमा विपन्न छन् र त्यहाँ राजनीतिक भाँडभैलो देखिन्छ । र, यी भाँडभैलोको पछाडि धनी वा विकसित भनिने मुलुकका उद्योगपति र राजनीतिक नेताहरू नै हुन्छन् । जस्तो, अफ्रिका प्राकृतिक सम्पदामा सबै महादेशभन्दा धनी मानिन्छ । तर, संसारकै सबैभन्दा अभावग्रस्त देश त्यही छन् । अर्को शब्दमा भन्दा युरोप र अमेरिकालाई झिलिमिली विकसित पार्न सयौँ वर्षदेखि अफ्रिकालाई अँध्यारो अविकासमा राखिएको छ । यसमा युरोप र अमेरिकाका ठुल्ठुला बहुराष्ट्रिय कम्पनीका मालिकको हात छ । जस्तो, सुडानको सुनखानी हत्याउन अरबी र पश्चिमा व्यापारीहरूले त्यहाँ जनतामारा शासकहरूलाई हतियार र पैसा पठाइरहेका छन् । यस्तै उद्योगपतिहरूले कुनै बेला आफूले भने जस्तो नगर्ने पेट्रिस लुमुम्बा, मुअमर गद्दाफीजस्ता अफ्रिकाका देशभक्त नेताको हत्या गरेका थिए । यसको अर्थ, पश्चिमा 'विकसितहरू' ले संसारभरि नै अविकासका विभीषणहरू पालिरहेका छन् ।

**नेपालको अ/विकास**

विकास र अविकासको यही नियमलाई नेपालमा लगाएर हेरौँ ।

कुनै देशको विकास कसरी हुन्छ ? संसारको जुनसुकै देशले विकासपथमा अघि बढ्न आफूसँग भएको प्राकृतिक वा मानवीय संसाधनको प्रयोग गर्नुपर्छ । नत्र उसले अरूको स्रोतसाधन लुट्नुपर्ने हुन्छ । साम्राज्यवादी मुलुकहरू संसारको लुटपाटबाट मोटाउँछन् । यसबाहेक आफ्नै देशको प्रकृति र जनशक्तिको उचित प्रयोग गरेर फस्टाउने देश पनि छन् । जस्तो, चीन, रुस, प्रजग कोरिया, आदि यसका उदाहरण हुन् । यसरी, विकासका लागि नेपालसँग पनि दुइटा मात्र विकल्प छन् । एक, अरू देशको लुटपाट । दोस्रो, आफ्ना संसाधनको उचित प्रयोग । अरूलाई लुटेर मोटाउनाले कुनै स्वाभिमान कमाइन्न । यसकारण, हामीसँग दोस्रो बाटो मात्र खुला छ । देशमा प्रचुर मात्रामा पाइने पानी, त्यसबाट निकाल्न सकिने बिजुली, जमिनको उपयोग, खनिज (तेल, चुनढुङ्गा, युरानियम आदि) आदिको उचित प्रयोगबाट मात्र नेपाल विकसित हुन सक्छ । तर, हामी किन अविकसित छौँ त ?

अब हामी माथिको नियम लगाऔँ । हाम्रो अविकासले अरू कसैको विकासमा टेवा दिँदै छ कि ? जाँचौँ ।

नेपालबाट दिनकै हजारौँ ट्रक चुन ढुङ्गा, रोडा, बालुवा भारत जान्छ । नेपालमा सिँचाइ नपाएर जमिन पटपटी फुटिरहेको बेला हाम्रा नदीनालाबाट भारतका ठुल्ठुला खेत र फाँटमा सिँचाइ हुन्छ । अविकासले छटपटिरहेको कर्णालीबाट कौडीको भाउमा जडिबुटी भारत जान्छ । त्यति मात्र होइन, कर्णालीवासीहरू भारतमा सस्तो ज्यामी बन्न बाध्य छन् । (यहाँ तिनलाई अफ्रिका र अफ्रिकी दाससँग तुलना गरौँ ।) यही हविगत तराईका गरिब किसानको छ । (ठुलाठुला बाँध बाँधेर नदीको पानी भारत लगेपछि तराईका किसानले सिँचाइ गर्न पाउँदैनन् । अर्को, देशका ठुल्ठुला जमिनदारले जमिनजति आफ्नो कब्जामा राखेका छन् । यसले गर्दा पनि खास जोताहा किसानसँग जमिन छैन । जोताहा किसानको 'अविकास' ले नेपाल र भारतका जमिनदार 'विकसित' भइरहेका छन् । यत्तिकै बसेर मुखमा माड नलाग्ने भएपछि तराईका गरिब किसानका छोराछोरी कोही भारतमा त कोही खाडीमा सस्तो ज्यामी बन्न बाध्य छन् । (यिनलाई पनि अफ्रिका र अफ्रिकी दाससँग तुलना गरौँ ।)

**अविकासका राम र विभीषणहरू**

"नेपालका किसान मोटाए भारतका जोताहा किसानले पनि हकअधिकार खोज्नेछन् ।" भारतका जमिनदार शासकहरूलाई एक अमेरिकी राजदूतले दिएको मन्त्र हो यो । यसका लागि भारतका शासकहरूले भारत 'स्वतन्त्र' भएदेखि नै नेपालविरुद्ध साम, दाम, दण्ड, भेद प्रयोग गर्दै आएका छन् । नेपालमा विभीषण पालेर नै विदेशी 'रामहरू' ले 'रावण' (नेपाली बहुजन) र 'स्वर्ण लङ्का' (नेपालका प्राकृतिक स्रोतसाधन) मा रजाइँ जमाउन पाइरहेका हुन् । (नेपालका विभीषणलाई सुडानका जनतामारा र हुतिहारा नेतासँग तुलना गरौँ !)

यति हुँदाहुँदै पनि केही देशभक्त शासकको जोडबलले नेपाललाई आत्मनिर्भर बनाउने उद्देश्यले पचासौँ उद्योग कलकारखाना खुले । यसमा रुस, चीनजस्ता मित्र देशले नेपाललाई सघाए । नेपालमा कागज, कपडा, सिमेन्ट, जुत्ता, धागोलगायत सामान उत्पादन गर्ने कारखानाहरू खुले । लाखौँ नेपालीले ती उद्योगबाट प्रत्यक्ष र परोक्ष काम पाए । यसबाहेक भूमिसुधार गरेर नेपाली किसानहरूको परिश्रमले भू-उपयोगको नीति पनि लिइयो । नेपाल विकास पथमा लम्किन थाल्यो । यसबाट 'रामहरू' को तपस्या भङ्ग भयो ।

०४६ सालपछि नेपाली काङ्ग्रेसका विभीषणहरूले नेपाली उद्योगधन्दा धमाधम निजीकरण गर्न थाले । ती 'अर्थविद्हरू' ले साम्राज्यवादको 'नवउदारवादी अर्थनीति' का एजेन्टको काम गरे । सरकारी उद्योगमा काम गरिरहेका नेपाली युवायुवती विदेशिन बाध्य भए । त्यही सिलसिलाले आज अझ विकराल रूप लिएको छ । (यसलाई पनि अफ्रिकी दास व्यापारसँग तुलना गरौँ !) देश युवा पाखुराबाट वञ्चित हुँदै गर्दा तिनको पसिनाले कुनकुन देश 'सिञ्चित' भइरहेको छ त ? केलाऔँ । नेपाली युवाको सस्तो पसिनाले भारत, खाडी, युरोप, अमेरिका, अस्ट्रेलियामात्र मोटाएका होइनन् । रेमिट्यान्सको अकूत रकममा रजगज चलाउने नेपाली काङ्ग्रेस, एमाले, माओवादी, तराईवादीलगायत मन्त्री खान जाने आजसम्मका सबै नेपाली राजनीतिक दलले समेत यो सिनो-लुछाइमा चोक्टा खाए, धेरथोर मोटाए ।

**'विकास' का लागि 'साँढे जुधाइ'**

नेपालमा निर्वाचनलाई 'साँढे जुधाइ' का रूपमा हेर्ने चलन छ । यो नेपाली चिन्तनमा पछौटेपनको चिन्ह हो; वैज्ञानिक मिजासको अभाव हो । यहाँ कुनै दलको सिद्धान्त, नीति र उद्देश्य के छ भनी हेरिन्न; निर्वाचनको घोषणापत्र पढिन्न; बस् तिनको रङ हेरिन्छ; तिनको जुरो कति ठुलो छ भनी हेरिन्छ । अपवाद बाहेक नयाँ-पुराना सबै पार्टीलाई हेर्ने आम नेपाली बुझाइ यस्तै देखिँदै आएको छ । नत्र पटकपटक सत्तामा गएर देशका प्राकृतिक स्रोतसाधन कौडीको भाउमा विदेशीलाई दिने, नेपालका उद्योगधन्दा निजीकरण गरेर देशलाई अविकसित राख्ने र देशका युवा पाखुराहरूलाई अन्य देशको दास बन्न पठाउने राजनीतिक दल पालैपालो सत्तामा जाने थिएनन् ।

सांसदको काम नै सदनमा गएर जनताको हितमा वा विकास/अविकासको विषयमा ऐन-कानुन बनाउने हो । तर, यहाँ सांसदका उम्मेदवारहरूलाई मतदाताहरूले आफ्नो क्षेत्रमा सडक, पुल, बिजुली आदि ल्याइदिने विकासे कार्यकर्ता ठान्छन् । यो वैज्ञानिक मिजास होइन । किसानले अन्न उब्जाउँछ, मूर्तिकारले मूर्ति बनाउँछ । कसैले किसानसँगबाट मूर्तिको अपेक्षा गर्छ भने त्यो अपेक्षा गलत अपेक्षा हो । तैपनि, नेपाली निर्वाचनमा कतिपय सांसदका उम्मेदवारहरू आश्वासनका पोका बाँडिरहेका हुन्छन् । पटकपटक मन्त्री र प्रधानमन्त्री भइसकेका व्यक्तिले समेत 'यो सडक बनाइदिएँ, यहाँ बिजुली ल्याइदिएँ, यसपालि जितायौ भने यो-यो गरिदिउँला' भनेको पाइन्छ । भारतीय जोगीहरूले मिठाइ बाँडेर तराईमा बालबालिकाका कानका मुद्रा लगेझैँ विकासे उम्मेदवारहरूले साधारण जनको अमूल्य भोट खोसी लग्छन् ।

अहिले निर्वाचनको 'नयाँ' अखडामा ठुलो जुरोसितका नयाँ 'साँढेहरू' देखिएका छन् । नयाँ जोगीले बाक्लै खरानी घसेका छन् । तिनका कमण्डलु चमकदार छन् । मिडियाबाजीको हाइहाइ चर्को छ । माओवादी जङ्गलबाट भर्खर निस्कँदा, बाबुराम भट्टराई प्रधानमन्त्री बन्ने बेला यस्तै हाइहाइ थियो । आज प्रचण्ड 'आत्महत्या गर्न मन लाग्छ' भन्दै छन् । विदेशीले उनी र उनको पार्टीलाई कतिसम्म दोहृयो होला, उनको यो सन्तापपूर्ण अभिव्यक्तिबाट स्पष्ट हुन्छ । आज जसरी सुडानका नेतालाई सुन व्यापारीहरूले दोहेका छन्, त्यो भन्दा फरक बे/हाल होइन प्रचण्डको । यस्ता विभीषण र तिनका दलको मात्र दोहन हुन्थ्यो भने ठिकै पनि हुन्थ्यो होला । तर, बीचमा सबैभन्दा बढी पिसिने र थिचिने देशका प्राकृतिक स्रोतसाधन र साधारण जनता हुन्छन् । वैज्ञानिक मिजास भएका सचेत नेपालीको लागि न प्रचण्डको हाल नौलो हो, न तेस्रो विश्वका देशमाथि थोपरिएको अविकासको नियति ।

**अविकासका नयाँ विभीषणहरू**

अब हामी विकास-अविकासको यही कोणबाट नेपालमा निर्वाचनको 'साँढे जुधाइ' मा देखापरेका नयाँ औतारीहरूलाई हेरौँ । के यी साँच्चै नयाँ हुन् त ? के यिनको परीक्षण नै भएको छैन ? नयाँ 'साँढेहरू' कति 'नयाँ' हुन् ? वैज्ञानिक मिजासले के भन्छ, हेरौँ ।

नयाँ 'औतारीहरू' ले काठमाडौँको 'समाजवाद' देशभरि लागु गर्ने 'आश्वासन' दिए । 'आश्वासन' को पोको बाँड्ने पुरानो चलन नयाँ 'औतारीहरू' ले दोहोऱ्याए ? के नयाँ भयो ? के काठमाडौँमा 'समाजवाद' आइसकेको हो ? यसमा पनि छलफल गर्न मिल्ला । किनभने, समाजवादभन्दा बित्तिकै शिक्षा, स्वास्थ्यजस्ता सेवालाई राज्यले आफ्नो जिम्मेवारी ठान्छ । जनतालाई पीरमर्का पर्दा देश नै अभिभावक बनेर आउँछ । सरकारी उद्योगधन्दा खोलिन्छ । कृषकलाई जमिन बाँडिन्छ । रोजगारी दिने दायित्व सरकारले वहन गर्छ । समाजवादको अर्थ बेरोजगारीको अन्त्य पनि हो ।

नयाँ 'औतारीहरू' सँग यसको कुनै योजना/सपना/भिजन देखिन्न । यिनका मूल अर्थविद् स्वर्णिम वाग्लेले धेरैपल्ट खुलेआम नवउदारवादी अर्थनीतिको पक्षमा लेखेका र बोलेका छन् । देशका तमाम देशभक्त युवाले देशघाती 'एमसिसी सम्झौता' को विरोधमा बानेश्वरमा हुतिहारा शासकहरूसँग लडिरहेको बेला वाग्लेले हाकाहाकी 'एमसिसी सम्झौता' को पक्षमा बोलेका थिए । वास्तवमा उनी नेपाली अविकासका पुरानै विभीषण हुन् । खरानी घसाइ मात्र नयाँ हो । कुनै बेला उनी नेपालका सरकारी उद्योगधन्दालाई निजीकरण गरी कौडीको मूल्यमा बेच्ने काङ्ग्रेसी विभीषण रामशरण महतकै शिष्य थिए । नयाँ खरानी घस्दैमा कसैको इतिहास मेटिन्न । यति वैज्ञानिक मिजास राख्ने ल्याकत मतदाताले राख्नैपर्छ ।

भारतले अखण्ड भारतको नक्सा जारी गर्दा कन्सिरी तताउने बालेन हुन् वा खाडीमा दुःख पाइरहेका युवालाई उद्दार गर्ने रवी लामिछाने, उनीहरूले 'देशघाती एमसिसी सम्झौता' को विषयमा चूँ नबोलेको वैज्ञानिक मिजास भएकाहरूले बिर्सेका छैनन् । नेपाल आमालाई कसैले लुछ्दै गरेको बेला 'हुँदैन' सम्म नभनेका यिनीहरू देशभक्तिको अग्निपरीक्षामा फेल भइसकेका पात्र हुन् । 'काङ्ग्रेस फेरेर देश फेर्ने' नारा दिएका गगन थापाको देश बनाउने 'मगन्ते बुटी' कसैले बिर्सेका छैनन् । 'अमेरिकासँग साठी अर्ब माग्ने', 'चीनसँग सत्तरी अर्ब माग्ने' र 'भारतसँग अस्सी अर्ब माग्ने' गगनले देशलाई विकसित बनाउँछन् कि दातालाई खुसी पार्न यो देशलाई अविकसित राख्छन् ? वैज्ञानिक मिजास भएका जोकोहीले यसको उत्तर अनुमान गर्न सक्छ । हर्क गुरुङले कुनै बेला एउटा वैज्ञानिक चेत सिकाउँदै भनेका थिए, "विदेशी दानले विकसित भएको संसारमा एउटा देश देखाइदेऊ मलाई ।" त्यस्तो कुनै देश छैन । विदेशीसँग मागेर देश बन्ने भए ल्याटिन अमेरिकी देश उहिल्यै 'विकसित' हुने थियो !

**वैज्ञानिक मिजासीहरू एक होऔँ !**

भनिन्छ, विष्णुको औतार पुज्ने समाज हो नेपाल । त्यसैले हरेक निर्वाचनमा हिरो खोजिन्छ । 'नयाँ साँढेहरू' आजका औतार हुन्, हिरो हुन् । जुन समाजलाई हिरो चाहिन्छ, त्यो समाज लाछी हो । त्यसैले ग्यालिलियोले यस्तो समाजलाई 'टिठलाग्दो' भने ।

नेपालका प्राकृतिक स्रोतसाधन र जनशक्ति प्रयोग गरेर नेपालमै गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीका करोडौँ अवसर फुलाउन सकिन्छ । यसका लागि जसले विकासको फल भोग्ने हो, तिनीहरू नै देश बनाउने यो वैज्ञानिक नियम अनुसार सङ्गठित, अनुशासित र प्रयत्नशील बन्नुपर्छ । हिरोको पछाडि भौतारिँदै फेरि अर्को पाँच वर्षको अमूल्य समय खेर फाल्नुहुँदैन । नयाँ हुन् वा पुराना, निजीकरणको अर्थनीति र एमसिसी सम्झौताको विरोध गर्ने ह्याउ नभएका नयाँ-पुराना उम्मेदवारहरू विदेशीलाई खुसी पार्न यो देशलाई अविकसित राख्ने विभीषण नै हुन् । नायक नखोजौँ, नायक नपुजौँ; टोलटोलमा वैज्ञानिक मिजासबारे छलफल गरौँ; विकासको वैज्ञानिक नियमबारे छलफल गरौँ । हामीलाई दुईचार महानायकले देश बन्दैन । देश बनाउन टोलटोलमा सयौँ हजारौँ नायक चाहिन्छ । हामी सबै नायक बन्नुपर्छ । ती नायक वैज्ञानिक मिजास राख्ने हुनुपर्छ । हिरोवाद/लोकप्रियवादको मोहमा नअल्झिने हुनुपर्छ । बहुमत कामदार जनताको सङ्गठित परिश्रमले बाहेक यो देश बन्दैन भन्ने सोचको हुनुपर्छ ।

फागुन २१ को पृष्ठभूमिमा सबै वैज्ञानिक मिजासीहरू एक हौँ । आफू चनाखो बनौँ र अरूलाई पनि चनाखो बनाऔँ । नयाँ हुन् वा पुराना निजीकरण र एमसिसीका प्रत्येक मतियारहरूलाई हराऔँ, सच्चा देशभक्तहरूलाई जिताऔँ । हारे अविकासका विभीषणहरूसँग हार्ने हो, जिते यहाँको प्रकृति र जनशक्तिलाई देश विकासमा लगाउने हो । जागिराखौँ र भेटेजतिका सारा उम्मेदवारहरूलाई कम्तीमा दुई प्रश्न गरौँ :

१. देशका उद्योगधन्दा निजीकरण गर्ने नीति लिनुहुन्छ कि सरकारी उद्योगधन्दा खोली स्वदेशमै रोजगारीका अवसर बनाउन अगुवाइ गर्नुहुन्छ ?
२. देशलाई अँध्यारोमा राखी विदेशी सहर झिलिमिली पार्ने 'देशघाती एमसिसी सम्झौता' को पक्ष लिनुहुन्छ कि त्यो विद्युत् देशमै खपत गराउन अगुवाइ गर्नुहुन्छ ?



युरोपेली देश ग्रीसको राजधानी एथेन्सस्थित संसद् भवन अगाडिको सडकमा आफ्नो ट्र्याक्टरसहित विरोध प्रदर्शनमा उत्रेका ग्रीक किसानहरू फेब्रुअरी १३, २०२६ का दिन । ग्रीसभरका किसान प्रतिनिधिहरू राजधानी एथेन्समा जम्मा भई सरकारको अनुदान कटौतीको नीतिको विरोध गरेका हुन् ।

*तस्बिर : सिन्ह्वा/ मारियोस लोलोस*

# बङ्गलादेश : जमातद्वारा चुनावी हार स्वीकार

ढाका, २ फागुन (एएफपी) । बङ्गलादेशको राजनीतिक सङ्क्रमणपछि सम्पन्न पहिलो संसदीय निर्वाचनमा पराजित भएको बङ्गलादेश जमात-ए-इस्लामीले अन्ततः नतिजा स्वीकार गरेको घोषणा गरेको छ । विपक्षी बङ्गलादेश नेश्नालिस्ट पार्टी (बिएनपी) ले स्पष्ट बहुमतसहित विजय हासिल गरेपछि जमातले 'समग्र परिणाम' लाई मान्यता दिने जनाएको हो ।

सन् २०२४ को घातक विद्रोहपछिको पहिलो आमनिर्वाचन बिहीबार सम्पन्न भएको थियो । निर्वाचन आयोगद्वारा सार्वजनिक तथ्याङ्कअनुसार बिएनपी नेतृत्वको गठबन्धनले २१२ सिट जितेको छ भने जमात नेतृत्वको गठबन्धनले ७७ सिटमा विजय हासिल गरेको छ । प्रारम्भिक चरणमा केही 'विसङ्गति र मनगढन्त' आरोप लगाउँदै आयोगसँग समाधान खोज्ने बताउनुभएका ६७ वर्षीय जमात प्रमुख शफिकुर रहमानले शनिबार भने औपचारिक रूपमा हार स्वीकार गर्नुभएको हो ।

"कुनै पनि वास्तविक लोकतान्त्रिक यात्रामा नेतृत्वको साँचो परीक्षा हामीले अभियान कसरी सञ्चालन गर्छौं भन्ने मात्र होइन, जनताको निर्णयप्रति हामीले कसरी प्रतिक्रिया जनाउँछौं भन्ने पनि हो", विज्ञप्तिमार्फत उहाँले भन्नुभयो, "हामी समग्र परिणामलाई मान्यता दिन्छौं र विधिको शासनलाई सम्मान गर्दछौं ।"

विद्रोहपछिको अन्तरिम व्यवस्थामा 'प्रमुख सल्लाहकार' का रूपमा नेतृत्व गर्नुभएका ८५ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले बिएनपी नेता तारिक रहमानलाई 'उहाँको पार्टीको शानदार विजय' का लागि बधाई दिनुभएको छ । सत्ता हस्तान्तरणको तयारी भइरहेको सन्दर्भमा उहाँले तारिक रहमानबाट देशलाई स्थिरता, समावेशीकरण र विकासतर्फ मार्गदर्शन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

जमात प्रमुख रहमानले आफ्नो पार्टी संसद्मा सक्रिय रूपमा सहभागी हुने बताउँदै सशक्त तर शान्तिपूर्ण विपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभएको छ । "हामी सरकारलाई जवाफदेही बनाउँदै सतर्क, सैद्धान्तिक र शान्तिपूर्ण विपक्षका रूपमा काम गर्नेछौं", उहाँले उल्लेख गर्नुभयो, "सैद्धान्तिक र शान्तिपूर्ण राजनीतिप्रतिको हाम्रो प्रतिबद्धता अडिग छ ।"

उहाँले विगतका निर्वाचनको तुलनामा यसपटक इस्लामवादी दलहरूले जितेका सिटमा उल्लेखनीय वृद्धि भएको पनि औँल्याउनुभएको छ । अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा दमन झेलेको उल्लेख गर्दै उहाँले आफ्नो आन्दोलन एकल चुनावमा सीमित नभएको बताउनुभयो । "हाम्रो आन्दोलन लोकतान्त्रिक संस्कृतिलाई सुदृढ पार्ने, नागरिक अधिकारको रक्षा गर्ने र न्यायपूर्ण तथा जवाफदेही राज्य निर्माण गर्ने उद्देश्यमा केन्द्रित छ", उहाँले भन्नुभयो ।

सतहत्तर सिटसहित संसदीय उपस्थिति करिब चार गुणा बढेको दाबी गर्दै रहमानले जमात आधुनिक बङ्गलादेशी राजनीतिमा बलियो विपक्षी शक्तिका रूपमा स्थापित भएको बताउनुभएको छ । "यो अवरोध होइन, यो नयाँ आधार हो", उहाँले निष्कर्ष दिनुभएको छ ।

# आर्टेमिस द्वितीयको प्रक्षेपणतर्फ अर्को परीक्षण

वासिङ्टन, २ फागुन (एएनआई) । चन्द्रमामा मानव फर्काउने महत्त्वाकाङ्क्षी योजनाअन्तर्गत नासाले आर्टेमिस द्वितीय मिसनका लागि तयारी तीव्र बनाएको छ । अन्तरिक्ष उडानअघि यानको विश्वसनीयता सुनिश्चित गर्न गरिएको 'भेहिकल कन्फिडेन्स टेस्ट' अर्थात् यान विश्वास परीक्षण सम्पन्न भएसँगै प्रक्षेपणको सम्भावित समयरेखा थप स्पष्ट भएको छ ।

नासाले सामाजिक सञ्जाल एक्समार्फत अद्यावधिक सार्वजनिक गर्दै फेब्रुअरी १२ मा सम्पन्न विश्वास परीक्षणपछिको डाटाको समीक्षा भइरहेको जनाएको छ । निकट भविष्यमा अर्को परीक्षणको समय निर्धारण गर्नुअघि प्राप्त निष्कर्षहरूको सूक्ष्म अध्ययन गरिने नासाले उल्लेख गरेको छ । यसै महिनाभित्र दोस्रो 'वेट ड्रेस रिहर्सल' अर्थात् इन्धनसहितको पूर्ण पूर्वाभ्यास सञ्चालन गर्ने तयारी रहेको र मार्च महिनालाई सबैभन्दा प्रारम्भिक सम्भावित प्रक्षेपण विन्डोका रूपमा हेरिएको बताइएको छ ।

अमेरिकी अन्तरिक्ष एजेन्सीले जारी गरेको विस्तृत विज्ञप्तिअनुसार उडानपूर्वको बलियो प्राविधिक परीक्षणअन्तर्गत इन्जिनियरहरूले स्पेस लन्च सिस्टम (एसएलएस) कोर स्टेजको तरल हाइड्रोजन ट्याङ्की आंशिक रूपमा भरेर मूल्याङ्कन गरेका थिए । रकेटमा इन्धन भर्ने क्रममा प्रयोग हुने क्षेत्रमा हालै प्रतिस्थापन गरिएका सिलहरूको प्रभावकारिता जाँच्नु परीक्षणको प्रमुख उद्देश्य थियो ।

परीक्षणका क्रममा रकेटतर्फ तरल हाइड्रोजनको प्रवाह कम गराउने 'ग्राउन्ड सपोर्ट इक्विपमेन्ट' अर्थात् भूमिगत सहयोगी उपकरणसँग सम्बन्धित समस्या देखिएको नासाले जनाएको छ । यद्यपि टोलीले धेरै मुख्य उद्देश्यहरूमा अपेक्षित विश्वास प्राप्त गरेको र कोर स्टेज इन्टरफेसहरूबाट महत्त्वपूर्ण डाटा सङ्कलन गर्न सफल भएको उल्लेख गरिएको छ । यिनै इन्टरफेसहरू अघिल्लो वेट ड्रेस रिहर्सलका क्रममा चुहावट देखिएको स्थान थिए ।

इन्जिनियरहरूले उपयुक्त वातावरणीय अवस्था कायम राख्न सप्ताहन्तमा लाइन सफा गर्ने र कम प्रवाहको कारण ठानिएको फिल्टर प्रतिस्थापन गर्नुअघि भूमिगत सहयोगी उपकरणहरूको निरीक्षण गर्ने योजना बनाएको जनाइएको छ । अर्को परीक्षणअघि सबै निष्कर्षहरूको पुनरावलोकन गरिने नासाले स्पष्ट पारेको छ ।

आर्टेमिस द्वितीय, आर्टेमिस कार्यक्रमअन्तर्गत पहिलो चालकदलयुक्त मिसन हो । शक्तिशाली अन्तरिक्ष प्रक्षेपण प्रणाली र ओरियन अन्तरिक्षयान प्रयोग गरी चार अन्तरिक्ष यात्री चन्द्रमाको वरिपरि परिक्रमा गरेर पृथ्वीमा फर्किनेछन् । चालकविहीन आर्टेमिस प्रथमभन्दा भिन्न, यस मिसनमा जीवन-समर्थन प्रणालीसहित गहिरो अन्तरिक्ष सञ्चालनको प्रत्यक्ष परीक्षण गरिनेछ ।

यो अभियानले आगामी आर्टेमिस तृतीयका लागि आधार तयार पार्ने अपेक्षा गरिएको छ, जसको लक्ष्य चन्द्रमाको सतहमा पुनः अन्तरिक्ष यात्री अवतरण गराउने र भविष्यको दीर्घकालीन चन्द्र अन्वेषण योजनालाई मजबुत बनाउने रहेको छ ।

# सुडानमा हिंसा तीव्र मानवीय सङ्कट जटिल बन्दै

संयुक्त राष्ट्रसङ्घ, २ फागुन (सिन्ह्वा) । सुडानको कोर्डोफान क्षेत्रमा पछिल्ला दिनहरूमा ड्रोन आक्रमण तीव्र रूपमा बढेका छन् । ती आक्रमणले व्यापारिक सवारी साधन, सञ्चार सञ्जाल तथा यातायात मार्गमा अवरोध पुऱ्याएको छ, जसका कारण मानवीय सहायता वितरण प्रभावित भएको बताइएको छ ।

यसैगरी दक्षिण कोर्डोफानको राजधानी काडुग्ली तथा आसपासका क्षेत्रमा स्वास्थ्य केन्द्र लक्षित आक्रमण हुँदा कम्तीमा चार स्वास्थ्यकर्मीको मृत्यु भएको र २० भन्दा बढी व्यक्ति घाइते भएको जानकारी दिइएको छ । यसले पहिले नै कमजोर अवस्थामा रहेको स्वास्थ्य सेवा प्रणालीमा थप दबाब सिर्जना गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार उत्तर कोर्डोफानमा करिब ८०० भन्दा बढी व्यक्ति सुरक्षित स्थानतर्फ सरेका छन् भने अन्य क्षेत्रमा हजारौँ मानिस विस्थापित भएका छन् । विस्थापितहरूलाई आश्रय, खाद्यान्न, स्वच्छ पानी, स्वास्थ्य सेवा तथा सुरक्षाको तत्काल आवश्यकता रहेको उल्लेख गरिएको छ । मानवीय सहायता छिटो, सुरक्षित र अवरोधरहित रूपमा उपलब्ध गराउन सम्बन्धित सबै पक्षलाई आग्रह गरिएको छ ।

## विश्व सङ्क्षेप

# भेनेजुयलामा १७ राजनीतिक कैदी रिहा

क्याराकस, २ फागुन (एएफपी) । भेनेजुयलाका राष्ट्रियसभा (संसद्) मा अध्यक्ष होर्जे रोड्रिगेजले शनिबार १७ जना राजनीतिक कैदीहरूलाई रिहा गरिएको घोषणा गर्नुभएको छ । उक्त कदम त्यतिबेला आएको हो जब देशको संसद्मा ऐतिहासिक राजनीतिक रिहाइ विधेयकको प्रस्तावमा छलफल जारी छ, जसले विपक्षीहरूविरुद्ध अदालतको दमन रोक्ने उद्देश्य राखेको छ । संसद् अध्यक्ष होर्जे रोड्रिगेजले राजधानी काराकसको 'जोना ७' कारागारमा रहेका यी व्यक्तिहरूलाई रिहा गरिएको जानकारी सामाजिक सञ्जालमार्फत जनाउनुभएको छ । उहाँले भेनेजुयलाका नागरिकहरूलाई शान्तिको मार्गमा अघि बढ्न र लोकतान्त्रिक सहअस्तित्व निर्माण गर्न निरन्तर प्रयास गर्न आग्रह गर्नुभएको छ, यद्यपि रिहा भएका १७ जनाको नाम सार्वजनिक गरिएको छैन ।

विधेयक लागू भएमा विगत २७ वर्षदेखि निकोलस मादुरो र उहाँका पूर्ववर्ती ह्यूगो चाभेजको शासनको विरोध गर्ने सबै विपक्षीहरूविरुद्ध लगाइएका आरोपहरू समेटिने अपेक्षा गरिएको छ । यस विधेयकले 'राजद्रोह', 'आतङ्कवाद' र 'घृणा फैलाउने' जस्ता आरोपलाई समेत राजनीतिक रिहाइको दायरामा ल्याउने प्रस्ताव राखेको छ । विधेयकको पारित प्रक्रिया केही दिनका लागि स्थगित गरिएको छ र फेब्रुअरी १९ मा पुनः बहस जारी राख्ने निर्णय भएको छ ।

यस विधेयकलाई भेनेजुयलामा राजनीतिक विरोधीहरूविरुद्धको दमन अन्त्य गर्ने र लामो समयदेखि चलेको राज्यीय दमनको अन्त्य गर्ने महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ । यसले अझै धेरै राजनीतिक कैदीहरूलाई रिहा हुने अवसर प्रदान गर्ने सम्भावना राखेको छ, जसको माग विपक्षी समर्थक र मानवअधिकार समूहहरूले लामो समयदेखि गर्दै आएका थिए । यस कदमले भेनेजुयलामा शान्ति, न्याय र लोकतान्त्रिक सहअस्तित्वको निर्माणतर्फ सकारात्मक सङ्केत दिएको छ ।

# अफगानिस्तानमा पहिरो, ४ जनाको मृत्यु, ६ घाइते

काबुल, २ फागुन (सिन्ह्वा) । अफगानिस्तानको पूर्वी क्षेत्र कापिसा प्रान्तमा शुक्रबार राति गएको पहिरोले एक आवासीय घरमा क्षति पुऱ्याउँदा चार जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल फताह फैजले शनिबार यसबारे जानकारी दिनुभएको हो ।

प्रवक्ता अनुसार, प्राकृतिक विपत्ति प्रान्तीय राजधानी महामूद-ए-राकीको बाहिरी क्षेत्र शुखी गाउँमा घटेको हो । घटनास्थलमा उद्धारकर्मीहरूले तत्काल उद्धार कार्य सुरु गरेका थिए । स्थानीयहरूले पहिरोले घरहरू क्षतिग्रस्त भएको र धेरै परिवार प्रभावित भएको बताए । यद्यपि अझै केही घरहरूमा मानवीय क्षति वा अन्य घाइतेको सङ्ख्या पुष्टि हुन बाँकी छ । अफगानिस्तानमा अधिकांश आवासीय घरहरू माटो र अन्य परम्परागत सामग्रीबाट बनेका हुने भएकाले पहिरो, वर्षा र हिउँपातको समयमा यी घरहरू अत्यन्तै असुरक्षित हुन्छन् । प्रायः ग्रामीण क्षेत्रका घरहरू भत्किन वा पुरिनु सामान्य समस्या हो, जसका कारण कहिलेकाहीँ ज्यान र सम्पत्तिमा ठुलो क्षति पुग्छ । स्थानीय प्रशासन र राहत समूहहरूले प्रभावित परिवारहरूलाई अस्थायी आवास र आवश्यक सहायता प्रदान गरिरहेका छन् । प्रान्तीय अधिकारीहरूले आगामी दिनमा पुनः जोखिम मूल्याङ्कन गर्ने र पहिरोको सम्भावित जोखिमका बारेमा समुदायलाई सचेत गराउने आश्वासन दिएका छन् ।

विशेषज्ञहरूका अनुसार, अफगानिस्तानका पर्वतीय र ग्रामीण क्षेत्रमा वर्षा र हिउँपात बढेसँगै यस्ता प्राकृतिक विपत्तिहरू बारम्बार हुने गर्दछ । यसले स्थानीय प्रशासन र नागरिकलाई सतर्क रहन अनिवार्य बनाएको छ ।

# भानुआटुमा ६ दशमलव ४ तीव्रताको भूकम्प

वेलिङ्टन, २ फागुन (एएफपी) । प्रशान्त महासागर क्षेत्रमा पर्ने टापु राष्ट्र भानुआटु शनिबार शक्तिशाली भूकम्पले हल्लिएको छ । छ दशमलव ४ तीव्रताको उक्त भूकम्प बलियो महसुस गरिए पनि हालसम्म कुनै मानवीय वा भौतिक क्षतिको जानकारी प्राप्त भएको छैन ।

अमेरिकी जियोलोजिकल सर्भेका अनुसार भूकम्पको केन्द्र एस्पिरिटु सान्टो टापुको पोर्ट ओल्री गाउँबाट करिब ५० किलोमिटर (३१ माइल) पश्चिममा अवस्थित थियो । कम्पन दिउँसो १:३० बजे (०२:३० जिएमटी) अघि आएको जनाइएको छ ।

प्रशान्त सुनामी चेतावनी केन्द्रले भूकम्पपछि सुनामीको कुनै खतरा नरहेको स्पष्ट पारेको छ । समुद्री सतहमा असामान्य उतारचढाव नदेखिएकाले थप सतर्कता सन्देश जारी गर्नुपरेको छैन ।

पोर्ट ओर्लीस्थित समुद्रकिनार आवासगृहमा कार्यरत एन्जेलिक फ्रान्कले भूकम्प 'धेरै ठुलो' महसुस भएको बताउनुभयो । उहाँका अनुसार कम्पन झण्डै एक मिनेटसम्म चलेको अनुभव भएको थियो । "थाल, कचौरा र भाँडाकुँडा लामो समयसम्म हल्लिरहेका थिए, तर केही पनि भुइँमा खसेन", उहाँले भन्नुभयो, "केही स्थानीय बासिन्दा चिन्तित देखिन्थे, तर अवस्था अहिले सामान्य नै छ ।"

उहाँले आफ्नो वरपर कुनै स्पष्ट क्षति नदेखिएको जानकारी दिनुभयो । सम्बन्धित निकायहरूले अवस्था निगरानीमा राखेका छन् र आवश्यक परे थप स्थलगत मूल्याङ्कन गरिने जनाइएको छ ।

करिब तीन लाख २० हजार जनसङ्ख्या रहेको भानुआटु रिङ अफ फायर भनिने तीव्र भूगर्भीय गतिविधिको क्षेत्रमा पर्छ । दक्षिणपूर्व एसिया र प्रशान्त महासागर आसपास फैलिएको यस क्षेत्रका कारण यहाँ समय-समयमा भूकम्पीय कम्पनहरू महसुस हुनु असामान्य मानिँदैन । यद्यपि प्रत्येक शक्तिशाली धक्काले सम्भावित जोखिमप्रति सतर्कता अपनाउनुपर्ने आवश्यकता स्मरण गराउने गर्दछ ।

# अन्तर्राष्ट्रवादी पत्रकार एड्गर स्नोको जीवनबारे सङ्क्षिप्त चर्चा–१

चिनियाँ जनता र संसारलाई चिनियाँ क्रान्तिका नेता को हुन् र कस्ता छन् भन्ने जानकारी दिने अमेरिकी पत्रकार एड्गर स्नो हुन्। २२–२३ वर्षको उमेरमा उनी अमेरिकाबाट चीन पुगे। उनले त्यहाँ ७ वर्ष चिनियाँ भाषा र चीनको अध्ययन गरे तथा येनचिङ (Yenching) विश्वविद्यालयमा अध्यापन गरे। सिकागो ट्रिव्युन (Chicago Tribune), न्युयोर्क सन (The New York Sun) र न्युयोर्क हेराल्ड ट्रिव्युन (The New York Herald Tribune) जस्ता अमेरिकी पत्रिका र बेलायतको 'लण्डन डेली हेराल्ड' (The London Daily) को संवाददाता रहे।

एड्गर स्नो संरा अमेरिकाको मिसौरी (Missouri) राज्यको केन्सास (Kansas) महानगरमा १७ जुलाई १९०५ मा जन्मेका थिए।

**परिवार**

एड्गर स्नोका जिजुबाजे सामुयल फ्रोस्ट स्नो (Samuel Frost Snow) ले अमेरिकाको दासमोचनको गृहयुद्धभन्दा पहिले नै आफ्ना दासहरूलाई मुक्त गरेका थिए।

उनका बुबा जेम्स एड्गर (James Edgar) सन् १८७३ मा जन्मेका थिए। उनकी आमा इरिश जर्मन आमाबाबुबाट जन्मेका अन्ना क्याथेरिन इडेल्मान (Anna Catherine Edelman) हुन्। अन्नाका बुबा जर्मनीको सिलेसिया (Silesea) का थिए र उनी दुई वर्षको हुँदा अमेरिका पुगेका थिए।

एड्गर स्नोका बुबाले एक सानो छापाखाना र प्रकाशन गृह स्थापना गरेका थिए। त्यस छापाखाना कम्पनीले 'केन्सास नगर तारा' (Kansas City Star) पत्रिका छाप्यो। उनका आमाबुबाको दुई छोरा र एक छोरी थिए। उनी कान्छा छोरा थिए। धर्ममा उनको बुबा उदार थिए।

सानोमा उनले फ्रान्सेली उपन्यासकार भिक्टर ह्युगोका 'अभागी' (Des–Miserables), रोबिन्सन क्रुसो (Robinson Crusoe), स्वीस परिवार रोबिन्सन (The Swiss Family Robinson), 'धनको टापु' (Treasure Island) जस्ता पुस्तकहरू पढेका थिए। उनले मिसौरी विश्वविद्यालयमा पत्रकारिताको अध्ययन गरे। विश्व भ्रमणको निम्ति पैसा जम्मा गर्न उनी न्युयोर्क पुगे तथा सन् १९२८ मा उनी चीनको साङ्घाई पुगे। त्यसबेला उनी २३ वर्षका युवा थिए।

साङ्घाईको अर्थ 'समुद्रभन्दा माथि' हो – राजनैतिक र आर्थिकरूपले राष्ट्रभन्दा माथि। साङ्घाईको एक भाग फ्रान्सेलीहरूको क्षेत्र थियो। त्यो क्षेत्र १० हजार एकडको थियो, ३० लाख चिनियाँ मजदुर र विदेशीहरू त्यहाँ बस्थे। त्यसमा धेरै चिनियाँ महिलाहरूको चिया पसल, रिक्सा तान्ने र वेश्यालयहरू थिए। सारमा, साङ्घाई अत्यन्त फोहर थियो, भोका नाङ्गा, शरणार्थीहरूको स्थल थियो। राम्रा केटाकेटीहरू बेचिने ठाउँ साङ्घाई थियो। त्यसबेला चीन भन्नु नै साङ्घाई थियो। तर, साङ्घाईमा शक्तिशाली देश बेलायती, फ्रान्सेली, अमेरिकी र जापानी बासिन्दा र तिनीहरूका वाणिज्य दूतहरू हुन्थे। फ्रान्सेली क्षेत्र मुट्ठीभर फ्रान्सेलीहरूको हातमा थियो र चिनियाँहरूले फ्रान्सेलीहरूलाई सबै प्रकारको कर तिर्नुपर्दथ्यो।

उनले चीनमा 'शिकागो ट्रिव्युन' (Chicago Tribune) मा काम गरे। उनले न्युयोर्कको 'हेराल्ड ट्रिव्युन' (Herald Tribune) भन्ने साप्ताहिकमा पनि योगदान गरे। पछि 'हेराल्ड ट्रिव्युन' दैनिक प्रकाशन भयो। उनले त्यसमा काम गर्दै गए र उनलाई चीनको उत्तरी भागको यात्रामा पठाइए। अमेरिकामा सँगै पत्रकारिता पढेका साथी जे. बी. पावेल (J.B. Powell) को सम्पादनमा निस्कने अङ्ग्रेजी 'चिनियाँ साप्ताहिक समीक्षा' (China Weekly Review) मा उनले काम गरे। उनी पुनः दक्षिणी चीन हुँदै भारततिर पठाइए।



आफ्नी श्रीमतीका साथ एड्गर

एड्गर स्नोले निङपो (Ningpo) देखि हान्को (Hankow), नानकिङबाट हार्बिन (Harbin), पेइचिङबाट ठूलो पर्खाल (Great Wall) र त्यहाँबाट मञ्चुरिया र कोरियाको ८ हजार माइलको रेलयात्रा गरे। कुब्ला खाँले शासन गर्दाको मार्कोपोलो पुल, चीनको भेनिस भनिने हांगचाउ, नानकिङ, कन्फ्युसियसको जन्मस्थल आदिको भ्रमण गर्दै चीनको विदेशी समाज र माथिल्लो स्तरका मानिसहरूबारे जानकारी हासिल गरे। त्यसबेला चीनको जनसङ्ख्या ४० करोड थियो।

बिस्तारै उनी दक्षिण-पूर्वी एसियाको समेत संवाददाता भए र साङ्घाईबाट सानो जापानी जहाजबाट उनी फार्मोसा ताइवान पुगे।



तुलनात्मकरूपमा उनले फार्मोसा अर्थात् ताइवान (Taiwan) राम्रो पाए। सफा, समृद्ध र माग्नेहरू फाट्टफुट्ट मात्रै उनले देखे। स्वास्थ्य सेवा र शिक्षा राम्रो, जीवनस्तर र साक्षरता प्रतिशत माथि थियो।

फार्मोसाबाट उनी फूचो (Foochow), अमोई (Amoy) र स्वाटो (Swatow) हुँदै क्वान्तुङ प्रान्तको क्यान्टन (ग्वाङलयल) पुगे। क्यान्टन चीनको गणतन्त्रवादी र पहिलो राष्ट्रपति सन यात सेनको जन्मथलो र राष्ट्रवादी क्रान्तिको थलो थियो। त्यो ठाउँ त्यसबेला होनोलुलुका चिनियाँहरूको प्रभावमा थियो। क्यान्टन चीनको तेस्रो र सबभन्दा ठूलो महानगर थियो। त्यहाँ 'सत्य चीन' (China Truth) भन्ने पत्रिका चल्थ्यो। तर, क्यान्टन सोचेजस्तो राष्ट्रवादीहरूको उदाहरण या नमुनाको भने उनले पाएनन्। त्यहाँ कर्मचारी, साहुमहाजन, बैङ्कका मालिक र गुण्डाहरूको दबदबा थियो। भूमि, यातायातको साधन, नुन, सुती, रक्सी, वेश्यालय, रेष्टुराँ र अन्य मनोरञ्जनका साधनहरूमा कर छलिन्थ्यो र भ्रष्टाचार हुन्थ्यो।

क्यान्टनबाट उनी सानो पोर्चुगाली उपनिवेश मकाओ (Macao) पुगे। त्यहाँको आम्दानीको स्रोत पनि जुवा, अफिम र वेश्यावृत्ति थियो। मकाओबाट सानो पानीजहाज चढेर एड्गर स्नो उत्तर भियतनामको टोन्किन (Tonkin) खाडीतिर लागे। ४५० किलोमिटरको यात्रापछि उनी राजधानी हनोइको पूर्वको बन्दरगाह हाइफोङ (Haiphong) ओर्लिए।

फ्रान्सेली उपनिवेशवादीहरू कुराकानीमा हिन्द- चीनमा परोपकारी वा सभ्य ढङ्गले उपनिवेश चलाएको धाक लाउँथे। दुई चारजना माथिल्लो खान्दानीहरूलाई फ्रान्समा अध्ययन गर्न पठाई, केही महिलाहरूलाई फ्रान्सेली भाषा र संस्कृतिमा अभ्यस्त गराउनुलाई नै तिनीहरू ठूलो काम गरेको सम्झन्थे। तर, साँचो अर्थमा तिनीहरू साधारण भियतनामी जनतालाई पशुसरह व्यवहार गर्ने र दमनको कारण टोन्कनका जनतामा हाँसो भन्ने कुनै उनले देखेनन्।

पूर्वी एसियामा जापानबाहेक हनोइका सडक चौडा र दायाँबायाँ बिरुवा रोपिएको राम्रो देखिन्थ्यो। दक्षिणको सैगोन सहर ठूलो भए पनि भद्रगोल थियो। यसकारण, विदेशी कार्यालयहरू हनोइमा थिए। भियतनाममा एउटा मात्रै रेलको बाटो थियो। दुई करोड जनता भएको भियतनाममा हजारौं जनता रोग, भोक, अज्ञानता र हिलोमैलोमा डुबेका थिए।

**युनानबाट बर्मा**

भियतनामबाट एड्गर स्नो युनानफु (थ्यलबलाग) पुगे। कुन्मिङ (Kunming) त्यसको राजधानी थियो। अफिमको व्यापार, डकैतीको बिगबिगी, केटीहरूको बेचबिखन, युद्ध सरदारहरूजस्ता सिद्धान्तहीन राजनैतिक नेताहरू, अमेरिकी बैङ्कमा पैसा जम्मा गर्ने धनीहरू र पाँच लाख दासहरूको प्रान्त थियो। क्रान्ति, प्रतिक्रान्तिकारी र राष्ट्रवादबारे माथिल्ला स्तरका व्यक्तिहरू र क्षेत्रहरू विभाजित हुँदै थियो। युनान (Yunnan) को अर्थ हो- बादलको दक्षिण।

धेरै भरियाहरू राखेर एड्गर स्नो येनान, तिब्बतको सीमा हुँदै केही दिनपछि बर्माको सरहद पुगे। बर्माको सरहदबाट रङ्गुन जाने बाटोमा खच्चरबाट लडेर उनको घुँडामा ठूलो चोट पऱ्यो र केही दिन उनले त्यहीं उपचारमा बिताए। बर्माका नेताहरूमा चिनियाँ कम्युनिस्टको प्रभाव नपरून् भनेर अङ्ग्रेजहरू समाजवादको प्रचारमा लागेका थिए र बर्माका जनता र नेताहरूमा भारतविरोधी भावना थियो र बर्माले स्वतन्त्रता पायो।

**चीन फर्के**

एड्गर स्नो बर्माबाट भारत पुगे। भारतको उनले पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्मको यात्रा गरे। भारतमा उनले दार्शनिक, विचारक, लेखक, कवि-कलाकारहरूसँग भेट गरे तथा छलफल गरे। तिनीहरूकै माध्यमबाट गान्धीजी, नेहरू र अन्य नेताहरूसम्म उनी पुगे। केही स्थानीय तहका भूमिगत महिला कम्युनिस्ट कार्यकर्ता



माओकासाथ एड्गर

सुहासिनी (Suhasini), युवा कम्युनिस्ट लीग, मजदुर आदि-अधिकारी (Adi–Adhikari) आदिसँग कुराकानी गरे। भारतका मजदुरहरूको स्थिति अत्यन्त दयनीय थियो। गरिब महिलाहरू आफूलाई बेचन बाध्य थिए र भारतमा मार्क्सवादलाई त्यसबेला धर्मको रूपमा लिन्थे।

गान्धीजीको सत्याग्रह अहिंसा धर्म मिश्रित राजनीति उनलाई दुरुह लाग्यो भने नेहरूको समाजवाद समस्याको समाधान लाग्यो, पछि उनलाई अफिमको व्यापारी, तस्कर र कमिन्टर्नको एजेन्टको झूटा आरोपमा पक्राउ पर्ने सम्भावना हुँदा उनी चीन फर्के। सन् १९३२ मा अमेरिकी वाणिज्य दूतावासमा काम गर्ने हेलेन फोस्टर स्नो (Helen Foster Snow) सँग उनको प्रेम भयो। त्यसबेला उनी २७ वर्षका थिए।

सन् १९३३ तिर जापानले साङ्घाईमा दोस्रो पटक आक्रमण गऱ्यो। साङ्घाईमा अमेरिकी वाणिज्य दूतावासमा काम गर्ने हेलेन फोस्टरसँग एड्गर स्नोको सम्बन्ध गाढा हुँदै गयो र त्यो सम्बन्ध विवाहमा परिणत भयो। मधुमास मनाउन एड्गर स्नो आफ्नी पत्नीसँग जापान पुगे तथा त्यहाँबाट फर्केर पेइचिङ पुगी 'सुदूर पूर्वको मोर्चा' (Far Eastern Front) पुस्तक तयार गर्न लागे। साथसाथै येनचिङ विश्वविद्यालयमा अध्यापन गरे। विश्वविद्यालयकै पुस्तकालयमा उनले मार्क्सवादी सिद्धान्तको अध्ययन गरे। त्यहीं उनले कम्युनिस्ट आन्दोलनका युवा विद्यार्थी कार्यकर्ताहरूसँग परिचय बढाए। ती युवाहरूमार्फत उनको सम्बन्ध कम्युनिस्ट पार्टीको प्रधान कार्यालयका नेताहरूसम्म पुग्यो। उनले चीनमै बस्ने निर्णय गरे तथा 'जिउँदो चीन' (Living China) पुस्तक लेखे।

उनी 'शनिबारे सन्ध्या समाचार' (The Saturday Evening Post) मा काम गर्दै थिए र इन्डोनेसियाका टापुहरूमा हेलेनसँगै भ्रमणमा गए। बोर्नियो र सेलेबेसका कति टापुमा हल्यान्डले उपनिवेश बनाएको थियो। नरिवल, काठ र रबर त्यहाँको प्राकृतिक स्रोत थियो। जाभा, पापाउ, न्युगिनी, बालि आदि टापुहरूका आदिवासीहरूको २१० दिने पात्रो र तिनीहरूको सभ्यता, रीतिरिवाज, शिक्षा-संस्कृति अत्यन्त प्राकृतिक र विकसित थियो। डचहरूले त्यसैबेला ती आदिवासी तथा त्यहाँको संस्कृतिलाई पर्यटन उद्योगको रूपमा प्रयोग गरेका थिए।

इन्डोनेसियाबाट फर्केर स्नो परिवारले पेइचिङमा घरजम गऱ्यो। पेइचिङ अफिसरहरू विद्वान्हरू, जमिनदारहरू, खान्दानीहरू, साहुमहाजन, रिक्सा चालकहरू र साधारण चिनियाँ जनता र विदेशी कूटनीतिज्ञहरू बस्ने, बगैंचा, पोखरी र फूलैफूलको महानगर थियो।

पेइचिङमा स्नोले आफ्नो चिनियाँ भाषाको जानकारीलाई अझ राम्रो बनाउने अवसर पाए। साङ्घाईमा बस्दा उनले चिनियाँ विद्वान्, शिक्षक र महान् लेखक लू सुन (LuShun) सँग भेटघाट र छलफल गर्ने मौका पाएका थिए। लू सुनको 'आह क्यूका साँचो कथा' भन्ने रचनालाई अङ्ग्रेजीमा अनुवाद गर्न अनुवादक याओ सिन नुङ (थ्वय ज्कष्ष्-ल्गलन) लाई सघाएका थिए। याओ सूचाओ विश्वविद्यालयका जातक र अङ्ग्रेजी भाषामा राम्रो दखल भएका व्यक्ति थिए। स्नोले मिलेर काम गर्न याओलाई पेइचिङ बोलाए। त्यसबेला अनुवादकहरूलाई कम पारिश्रमिक दिने गरिन्थ्यो। लू सुनसँगको सम्झना गर्दै उनले आफ्नो रचना 'सुरुका यात्रा' (Journey to the Beginning) मा गणतन्त्रबारे लू सुनको टिप्पणीलाई उल्लेख गरे – 'गणतन्त्रभन्दा पहिले जनता दास थिए। पछि हामीहरू पूर्व दासहरूका दास भयौं।'

"सोभियत रूसबारे मलाई केही थाहा छैन, तर रूसबारे पढेको छु, चीनसँग केही समानता थियो। रूसबाट सिक्नेबारे कुनै शङ्का छैन। त्यस्तै हामीले अमेरिकाबाट पनि सिक्न सक्छौं। तर, चीनको निम्ति आफ्नै किसिमको क्रान्ति अर्थात् चिनियाँ क्रान्तिको आवश्यकता छ। हाम्रै इतिहासबाट पनि सिक्नुपर्छ।"

**फासीवाद र च्याङ काइ शेक**

राष्ट्रवादी दल (कोमिनताङ), फासीवाद, इटाली र हिटलरको जर्मनीबाट प्रभावित थियो। सिद्धान्ततः तीनवटैको शासन मिल्दोजुल्दो थियो। च्याङ काई- शेकले आफ्नो हवाई सेनालाई तालिम दिन इटालीको जनरल क्लेर चेनौल्ट (Clair Chenault) बाट र पछि सेनाको तालिम दिन जर्मन अफिसरहरू ल्याएका थिए। त्यस सेनालाई जर्मनहरूको जस्तो 'कालो कमिज' भन्ने राजनैतिक संयन्त्र र गुप्तचर विभाग (Gestapo) को जस्तै बनाइयो। कोमिनताङ आफ्नै सैनिक तालिमहरूलाई जर्मनीको सैनिक एकेडेमीले नेताप्रति बफादार भएजस्तै च्याङप्रति बफादार हुन सिकाइयो। त्यसैलाई विद्यालयहरूमा र कोमिनताङको युवा सङ्गठनमा पनि सिकाइयो।

हजारौंहजार कम्युनिस्ट र विरोधीहरू पक्राउमा पर्थे। तर, अदालतमा पुऱ्याइन्नथ्यो, हरेक दिन हत्या हुन्थ्यो, त्यसको जानकारी कसैलाई दिइँदैनथ्यो।

# संसद् कानुन र नीति नियम बनाउने थलो



कैलाली, २ फागुन। नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा जानकी गाउँपालिका वडा नं २ गौडीमा भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले प्रतिनिधिसभाको निर्वाचन देशको नीति, नियम र कानुन बनाउने थलो हो भन्नुभयो। उहाँले जनताको हितमा कुन पार्टीले घोषणापत्रमा उल्लेख गरेको छ त्यही पार्टीलाई मत दिन आग्रह गर्नुभयो। राजनीतिबाट कोही पनि टाढा रहन नसक्ने हुँदा जनता राजनीतिक रूपमा सचेत र सङ्गठित हुन आवश्यक भएको उहाँले बताउनुभयो।

पुँजीवादी पार्टीले निर्वाचनलाई भऱ्याङ बनाई देशलाई बर्बाद पारेको उल्लेख गर्दै उहाँले पुँजीवादी पार्टी जसले जिते पनि कामदार जनताको जीवनस्तरमा कुनै परिवर्तन हुनेछैन भन्नुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले निर्वाचनलाई जनताको चेतना स्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गरिरहेको बताउनुभयो। निर्वाचन घोषणापत्र र विचारको लडाइँ भएको स्पष्ट पार्दै उहाँले नयाँ विचार भनेको शिक्षा, स्वास्थ्य निःशुल्क र रोजगारीको ग्यारेन्टी गर्नु हो भन्नुभयो।

वैदेशिक हस्तक्षेपको विरोध गर्ने एउटै पार्टी नेमकिपा भएको उल्लेख गर्दै उहाँले पुँजीवादी निर्वाचनबाट समाजवाद नआउने स्पष्ट पार्नुभयो। उहाँले समाजवादी व्यवस्थाबिना कामदार जनताले सुख पाउने छैनन् भन्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव एवं कैलाली क्षेत्र नं २ का उम्मेदवार लक्ष्मी पुन मगरले नेपाल मजदुर किसान पार्टी कामदार जनताको हितमा नीति नियम बनाउन संसद्मा सङ्घर्ष गर्ने बताउनुभयो। बहुमत कामदार जनताको मुक्ति समाजवादमा हुने भएकोले समाजवाद स्थापनाका लागि नेमकिपाको चुनाव चिन्ह मादलमा भोट हाल्न उहाँले अनुरोध गर्नुभयो।

नेपाल मजदुर किसान पार्टी कैलाली सदस्य धनबहादुर थापामगरले कामदार जनतालाई दुःख दिने पुँजीवादी व्यवस्थालाई फालेर समाजवादी व्यवस्था ल्याउनुपर्छ भन्नुभयो।

कार्यक्रममा गगनबहादुर थापामगरले पनि बोल्नुभएको थियो।

# सानै उमेरदेखि नैतिक शिक्षा दिन सके भोलिको सुसंस्कृत समाज निर्माणमा सहयोग पुग्ने




भक्तपुर, २ फागुन। महेन्द्र विद्याश्रमको ४१ औँ स्थापना दिवस तथा सांस्कृतिक कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले विद्यालय विद्यार्थीको भविष्य निर्माण गर्ने र भोलिको उज्ज्वल भविष्य निर्माण गर्ने थलो भएको हुँदा विद्यालयले गुणस्तरीय शिक्षा दिन मेहनत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

विद्यार्थीलाई समान व्यवहारका साथै सानै उमेरदेखि नैतिक शिक्षा दिन सके भोलिको सुसंस्कृत समाज निर्माणमा सहयोग पुग्ने प्रमुख प्रजापतिले बताउनुभयो।

उहाँले भन्नुभयो, "विद्यालय-कलेजहरूमा छात्रा सङ्ख्या बढिरहको राम्रो सङ्केत हो। महिलाहरू नेतृत्व तहमा पुग्नु भनेको सकारात्मक परिवर्तनको सन्देश हो।"

भनपाले शिक्षा, स्वास्थ्य, सम्पदामा जोड दिनुका साथै युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको जानकारी दिँदै उहाँले भक्तपुरको शैक्षिक गुणस्तर वृद्धिमा यहाँका विद्यालयहरूको मेहनत नै प्रमुख रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, "सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्न भक्तपुर नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।"

विद्यालयका संस्थापक महेन्द्र मास्केको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका प्रअ अनिल श्रेष्ठले विद्यालयको प्रगति प्रतिवेदन पेस गर्नुभएको थियो।

कार्यक्रममा शिक्षक ज्योति श्रेष्ठ, अभिभावक प्रतिनिधि गङ्गाराम धुख्वा र शिक्षक-अभिभावक सङ्घका अध्यक्ष सुमन परियारले पनि बोल्नुभएको थियो।

विद्यालयका प्रअको प्रतिवदेनमा विद्यालयले शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको, दैनिक जीवनलाई आवश्यक क्रियाकलाप सिकाइरहेको र सीपमूलक शिक्षा दिइरहेको उल्लेख छ।

# सचेत र सङ्गठनबिनाको भीड अराजक हुने

भक्तपुर, २ फागुन। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. ९ तौलाछेँ 'पासा पुच'को आयोजनामा स्थानीय क्वार्चामा संस्कृतिकर्मीहरूको भेला गरी प्रगतिशील गीत गायन कार्यक्रम शनिबार सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले पार्टीले जनताको चेतनास्तर उठाउन निरन्तर लागिरहेको बताउँदै जनतालाई सङ्गठित बनाइरहेको प्रस्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "सचेत र सङ्गठनबिनाको भीड अराजक हुन्छ; त्यस्तो अराजक भीडले देश उँभो लाग्दैन।"

जनताको सुस्वास्थ्यको लागि वर्षौंवर्ष सफाइ अभियान गरेर स्वास्थ्य चेतना जगाउन होस् वा रात्रिकक्षा सञ्चालन गरेर, प्रौढ साक्षरताको शैक्षिक अभियान सञ्चालन गरेर होस् पार्टी जनताको सेवामा अथक रूपमा लागिरहेको चर्चा गर्दै उहाँले अग्रज पुस्ताले विगतमा गरेको दुःख नयाँ पुस्तालाई थाहा दिनुपर्नेमा जोड दिनुभयो।

सामाजिक सञ्जालमा अल्झेर नयाँ पुस्ता असामाजिक बन्दै जाने हो कि भन्ने चिन्ता जाहेर गर्दै उहाँले आगामी फागुन २१ गतेको निर्वाचनमा मतदाताले विशेष ध्यान दिननसके पछि पछुताएर पनि धर नलाग्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "आगामी निर्वाचन देश विध्वंश गर्ने र देश विकास गर्ने बिचमा हुँदै छ; देश खरानी पार्ने र खरानी हुँदा पनि कुनै जिम्मेवारी बहन नगर्ने शासक पार्टीहरूलाई पछार्ने एउटा अवसर हो।"

अर्का केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले पासा पुचःले समाजमा व्याप्त विकृति विसङ्गतिविरूद्ध नाचगानमार्फत जनतालाई सचेत पार्दै आएकोमा पुचःको सराहना गर्नुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले निर्वाचन हार-जितको गणितीय परिणाममात्र नभई मूल्य र मान्यता वा सिद्धान्तको लडाइँ पनि हो भन्नुभयो।

पुचःका अध्यक्ष विष्णुभक्त कुसीको सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव हरिराम कुसीले स्वागत गर्नुभएको थियो।

कार्यक्रममा पासा पुचः, वाकुपति नारायण, उमामहेश्वर र कमिचागल्ली दिदी बहिनी समूहले प्रगतिशील गीत प्रस्तुत गरेका थिए।

**तिलागापाको...**

राष्ट्रियकरण गर्ने, ठुलठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेत गर्ने र व्यक्तिगत सम्पत्तिको सीमाङ्कन गर्ने बन्दोबस्त नगरेसम्म भ्रष्टाचार अन्त्य नहुने र वास्तविक परिवर्तन नआउने प्रस्ट पार्नुभयो।

उहाँले भ्रष्टाचार र अनियमितताविरूद्धको सङ्घर्षलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

केन्द्रीय सदस्य काफ्लेले देशको नदीनाला सबै भारत र विदेशी कम्पनीहरूको हातमा सुम्पेका र कमिसन कुम्ल्याएका शासक दलहरूबाट कुनै जनताले कुनै आशा राख्न नसकिने स्पष्ट पार्नुभयो।

उहाँले शासक दलहरूको झूटा आश्वासनमा नपरी नेमकिपाको मादल चिह्नमा मतदान गर्न आग्रह गर्नुभयो।

नेमकिपा तिला गाउँ समितिका अध्यक्ष शेरबहादुर राउतको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपा जुम्ला जिल्ला समितिका सदस्य एवं समानुपातिक उम्मेदवार गौरीकला भण्डारी, नेपाल क्रानितकारी किसान सङ्घका केन्द्रीय सदस्य कालीबहादुर बुढा, स्थानीय सूर्यबहादुर रावत र रवीन्द्र रावतले पनि बोल्नुभएको थियो।

मतदान किन गर्ने?

❖लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
❖योग्य जनप्रतिनिधिको छनौट गर्न।
❖नागरिक कर्तव्य निर्वाह गर्न।
❖जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
❖निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
❖असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निगालपानीमा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी भेटघाट

दैलेख, २ फागुन। नेपाल मजदुर किसान पार्टी गुराँस गाउँपालिकाको आयोजनामा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी भेटघाट कार्यक्रम घोडाबासको निगालपानीमा सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा दैलेखका अध्यक्ष जगत ओलीले काम गरिखानेवर्गको हितमा काम गर्ने पार्टीको उद्देश्य हो भन्नुभयो।

नेमकिपाले व्यक्तिगत र दलगत फाइदाको पछाडि लाग्न नसिकाएको उल्लेख गर्दै उहाँले देश र जनताको निःस्वार्थ सेवा गर्नु नै राजनीतिको धर्म हो भन्नुभयो।

उहाँले समाजवादी व्यवस्थामा निःशुल्क शिक्षा र स्वदेशमै रोजगारको बन्दोबस्त हुने बताउनुभयो।

जनताको हितमा नेमकिपाले सदन र सडकमा निरन्तर सङ्घर्ष गर्दै आइरहेको उल्लेख गर्दै उहाँले पुँजीवादी शासन व्यवस्थामा काम गरिखाने जनताको हित नहुने बताउनुभयो। उहाँले कसैको लोभ-लालचमा नपरेर जनताको सेवा गर्ने नेमकिपाको मादल चिह्नमा मतदान गर्न आग्रह गर्नुभयो।

नेमकिपा गुराँस गाउँपालिका सदस्य नर्मा गुरुङको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपा दैलेखका सदस्य गगन बीसी र नेक्राविसङ्घ दैलेखका खेमराज दाहाल र हस्त गुरुङले पनि बोल्नुभएको थियो।

**पार्टी...**

(बनमाला), ललितपुर-२ बाट उम्मेदवारी दिने चिरीमैयाँ महर्जन, झापा-३ बाट उम्मेदवारी दिने धर्मलक्ष्मी लघुले आ-आफ्नो निर्वाचन क्षेत्रको स्थितिबारे चर्चा गर्दै सहयोगको लागि अनुरोध गर्नुभयो।

कृष्णगोविन्द खाइजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा पुरूषोत्तम ग्वाछा र बलराम गोसाईले पनि बोल्नुभएको थियो।

भेलाले नेपाल मजदुर किसान पार्टी भनपा-७ वडा समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुको संयोजकत्वमा १२७ सदस्यीय भनपा-७ वडास्तरीय निर्वाचन परिचालन समिति गठन गरेको छ।

# 'न्यायदृष्टि' पत्रिकाको अन्तरक्रिया

दैलेख, २ फागुन। कानुन अध्ययन समाज नेपाल कर्णाली प्रदेश समितिको आयोजनामा समाज प्रकाशन 'न्यायदृष्टि' पत्रिका वर्ष १२ अङ्क ३ (वैशाख २०८२) विषयक अन्तरक्रिया कार्यक्रम माथिल्लो डुङ्गेश्वर बजारमा शनिबार सम्पन्न भयो।

कानुन अध्ययन समाज नेपालका केन्द्रीय उपाध्यक्ष अधिवक्ता शिवराज दाहालको सभापतित्वमा भएको कार्यक्रममा अधिवक्ता टीकाप्रसाद पोखरेल, खड्कप्रसाद दाहालगायतले बोल्नुभएको थियो।

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**

इताछेँ, भक्तपुर, फोन नं. ०१-६६१९०६८
इमेल: lokeshwor.saccos@hotmail.com, lokeshwor.saccos19068@gmail.com

**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८२/११/०३ गते**

यस संस्थाको लागि देहायबमोजिमका कर्मचारी आवश्यक भएको हुँदा इच्छुक योग्य दक्ष तथा अनुभवी उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२ फागुन १७ गते, बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजे) भित्र आफ्नो बायोडाटा र PP साइजको फोटो १ प्रतिसहित हस्तलिखित निवेदनका साथ रू. ३००।- को शुल्क तिरी संस्थाको कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | पद | सङ्ख्या | सेवाको किसिम | शैक्षिक योग्यता | तलब | ग्राह्यता |
|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ सहायक | १ (एक जना) | करार | व्यवस्थापन सङ्काय तहमा कक्षा १२ उत्तीर्ण | संस्थाको नियमानुसार | वित्तीय क्षेत्रमा अनुभवी र कम्प्युटरसम्बन्धी ज्ञान भएको। |

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
**सम्पर्क मिति** : अन्तिम मितिको भोलिपल्ट

**पदपूर्ती समिति**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा